अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक
ABHIYAN WEEKLY
Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ४० / २०८३ वैशाख २५ गते शुक्रबार / नेपाल सम्वत ११४६ / May. 8, 2026 / मूल्य रु. १०/-

## अध्ययन र तयारी विनै किन चल्यो डोजर ?

काठमाडौं । बुद्ध जयन्तीका दिन गत शुक्रबार प्रधानमन्त्री बालेन साहले लोकलाई ज्ञानको दियो बाल्न उपदेश दिइरहेका थिए त्यही समयको आसपासमा बल्खुतिर सुकुम्बासी टोलमा उनले डोजर चलाइरहेका थिए भने डोजरहरूले वस्तीमा बौद्ध गुम्बामा समेत डोजर चलाईरहेका थिए । साङ्गे छोइलिङ गुम्वाका सञ्चालकहरूले आज बुद्ध जयन्ती दिन हो डोजर नचलाउनुहोस् भनेर अनुनय विनय गरिरहेका थिए, तर माथिको आदेश हो भन्दै त्यहाँ खटिएका आदेश पालकहरूले याचना सुनेनन र क्षण भरमै गुम्बा तहसनहस पारिदिए ।

बालेन सरकारले केही दिनयता काठमाडौ उपत्यकाका अतिक्रमित नदि किनारका बस्तीहरूमा रहेका सुकुम्बासीहरूलाई खाली गराउने कार्यलाई तिव्रता दिएको छ । सो अभियानको क्रममा मुर्तिहरूमात्र वेवारिस भएका छैनन् सयौं निमुखा जनता

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## सुकुम्बासी व्यवस्थापनमा सरकार उल्टो बाटोमा

काठमाडौ । जान्नेलाई छान्ने भन्ने रास्वपाको बालेन साह नेतृत्वको सरकारले पहिचान र व्यवस्थापन पछिमात्र सुकुम्बासीबस्ती खाली गर्ने भन्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवस्तरीय निर्णय बैशाख १७ गते मन्त्रिपरिषद्को एकसय कार्यसूचीको बुँदा नं. ९२ बमोजिम यो कदम चालेको बताएको थियो तर वैशाख १८ गते बिहानैदेखि विभिन्न ठाउँमा सुकुम्बासी बस्तीहरूमा डोजर चलाइयो । सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण, पहिचान र व्यववस्थापनलाई सरकारले प्राथमिकतामा राखेको जस्तो देखिएको भए पनि १८ गते विहानै देखि सुकुम्बासी बस्तीहरूमा डोजर चलाइयो । आखिरी किन र सरकार आफैँले गरेको निर्णय विरूद्ध किन डोजर चलाउन पुग्यो ?

>>> बाँकी ८ पेजमा

## रास्वपाको समानुपातिकमा रहेकी अन्सारी कांग्रेसमा प्रवेश

काठमाडौ । राष्ट्रिय मानव अधिकार आयोगको पूर्व आयुक्त मोहना अन्सारी नेपाली कांग्रेसको अनुसन्धान आयोगमा समेटिएकी छन् । यसअघि रास्वपाको समानुपातिक उम्मेदारको सूचिमा परेर विवादमा परेकी अन्सारीले अहिले भने यसलाई स्वीकार गरेकी छन् ।

बाँके स्थायी घर भएकी अन्सारी लामो समयदेखि अभियान्ताको रूपमा क्रियाशील छन् । राष्ट्रिय महिला आयोगमा समेत काम गरेकी उनी नागरिक समाज अगुवा, बृहत नागरिक आन्दोलनको नेतृत्वकर्ताको अग्रभागमा देखिन्छिन् । बारबरा फाउन्डेसनको सचिव समेत भएकी उनी अहिले कांग्रेसको अनुसन्धान आयोगको सूचीमा रहेकी छन् ।


यसअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट

>>> बाँकी ८ पेजमा

# संवैधानिक परिषद्मा अध्यक्ष दाहाल र विपक्षी दलका नेताको भूमिका नाममात्र

### प्रधानन्यायाधिश र आफ्नै दलका नेताहरूको सहमतिमा निर्णय हुने

देवेन्द्र चुडाल





धकाठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएको रास्वपा नेतृत्वको सरकारले सरकार गठन भएको दुई महिना नपुग्दै ८ वटा अध्यादेश ल्याएको छ । ती अध्यादेशले गर्दा एकै पटक झण्डै १६ सय पदाधिकारीहरूले अवकाश पाएका छन् भने संवैधानिक परिषद् ऐन समेत संशोधन गरिएको छ । संवैधानिक परिषद् ऐनमा संशोधन भएपश्चात् अब संवैधानिक परिषद्मा रहेका प्रधानमन्त्री सहित ३ जना सदस्यले निर्णय गरेपनि यो मान्य हुने व्यवस्था गरिएको छ । संवैधानिक परिषद्मा प्रधानमनत्री अध्यक्ष रहने र सदस्यहरूमा प्रतिनिधिसभाका सभामुख, प्रधानन्यायाधिश, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधिसभाका उपसभामुख र प्रतिनिधिसभाका प्रमुख विपक्षी दलका नेता सदस्य हुने ऐनमा व्यवस्था गरिएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले अस्ति वैशाख २२ गते सरकारको आग्रहमा जारी गरेको अध्यादेशमा व्यवस्था गरिएनुसार अब प्रधानमन्त्री सहित ४ जना उपस्थित रहेपनि ३ जनाको बहुमतले निर्णय गरेपनि त्यो परिषद्को निर्णय हुने व्यवस्था गरिएको र अध्यादेशको दफा ६ को उपदफा (४) मा संवैधानिक परिषदको बैठकमा अध्यक्ष र कम्तिमा ३ जना सदस्यहरु गरि कम्तिमा ४ जना उपस्थित भएमा परिषद् को बैठकको लागि गणपुरक संख्या मानिने व्यवस्था गरिएको छ । संवैधानिक परिषद् मा रहने ६ सदस्य मध्येका चार जनाको उपस्थितिले कुल सदस्यको बहुमत भई गणपुरक संख्या पूरा हुने भनिएको छ । संवैधानिक परिषद्को अध्यक्ष र कम्तिमा ३ जना सदस्य उपस्थित भएको बैठक अध्यक्ष र २ जना सदस्य गरि कम्तिमा ३ जनाको निर्णय परिषद्को निर्णय मानिने

>>> बाँकी ८ पेजमा

## अध्यादेशमार्फत संविधान नै संशोधन हो र ?

काठमाडौ । नेपालको संविधान २०७२ को धारा ११४ मा संघीय संसदको दुवै संसदको अधिवेशन चलिरहेको अवस्था बाहेक अन्य अवस्थामा केही गर्न आवश्यक परे मन्त्रिपरिषद् को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तो अध्यादेश जारी भएपछि बसेको संघीय संसदको दुवै सदनमा पेश गर्नुपर्ने र दुवै सदनले स्वीकार नगरेको खण्डमा स्वतः निस्क्रिय हुने व्यवस्था रहेको छ । संसदले स्वीकृत नगरेमा राष्ट्रपतिले जुन सबै बेला खारेज गर्न सक्ने निस्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको ६० दिनपछि स्वतः निस्क्रिय हुने प्रावधान रहेको छ । तर संविधानको धारा ११३ (३) मा अर्थ विधेयक बाहेक अन्य विधेयकमा राष्ट्रपतिलाई पुर्नविचार आवश्यक लागेमा एक पटकका लागि सन्देश सहित सदनमा फिर्ता पठाउन सक्ने व्यवस्थ रहेको छ । तर फिर्ता भएको विधेयक संसदले अनिवार्य रूपमा संशोधन गर्नैपर्दछ भन्ने बाध्यता छैन । राष्ट्रपतिले सम्बोधन गरेर वा यथास्थितिमा पुनः सरकारले पठाएमा राष्ट्रपतिले १५ दिन भित्रमा विधेयक प्रमाणिकरण गर्नुपर्ने व्यवस्था संविधानको धारा ११३ (४) ले गरेको छ ।

संविधानमै व्यवस्था भएको विषयलाई मन्त्रिपरिषद्को बैठकले संशोधन गर्न सक्ने व्यवस्था संविधानमा रहेको छैन । संविधान

>>> बाँकी ८ पेजमा

## अध्यादेशले शासन चलाउने भए संसदको आवश्यकता किन ?

काठमाडौ । 'जान्नेलाई छान्ने' भन्ने राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेर प्रधानमन्त्री बन्न सफल भएका बालेन साहलाई लोकतान्त्रिक शासनमा ज्ञानको अर्थ के हो ? के इगो हो आवेग र हचुवाका भरमा निर्णय लिने क्षमता नै ज्ञान हो त भन्ने प्रश्न उठ्न थालेको छ । बालेन प्रधानमन्त्री बनेको करिब ४५ दिन पुगेको छ तर उनले आजसम्म जनतालाई सम्बोधन समेत गरेका छैन् भने संसदको पहिलो बैठकमै उनले लोकतान्त्रिक संस्कारको ध्वज्जी उडाएका थिए ।




दलतन्त्रबाट आहात भएका नेपाली जनताको आशाको दियो बनेर बालेन उदाएका थिए । उनीप्रति जनताको अपेक्षा बढी थियो । त्यसैले जनताले संसदको पहिलो बैठकबाटै आम जनता बालेनलाई सुन्न चाहन्थे । प्रधानमन्त्रीको रूपमा संसदको रोष्ट्रममा उभिएर बालेनले मतदातालाई धन्यवाद देलान् आफ्ना योजना र कार्यक्रमको प्राथमिकता प्रष्ट पार्लान भन्ने आम जनताको अपेक्षा थियो । संसदीय लोकतान्त्रिक व्यवस्थामा संसदको रोष्टममा उभिएर प्रधानमन्त्रीले जनतालाई सम्बोधन गर्नु नै आफ्नो भावि कार्यक्रम त्यहीबाट घोषणा गर्दै संसदलाई सम्बोधन गर्ने न्यूनतम लोकतान्त्रिक संस्कार हो तर संसदको पहिलो दिनमै त्यो

>>> बाँकी ८ पेजमा

# जान्नेलाई छान्ने भन्ने रास्वपा पनि पुरानै बाटोमा

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको सदस्यका लागि भएको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाई मत ल्याएर अहिले सरकारको नेतृत्व गरिरहेको छ । रास्वपाका वरिष्ठ नेता बालेन साह प्रधानमन्त्री रहको छन् भने उनैको नेतृत्वमा रास्वपाको एकलौटी सरकार रहेको छ । तर जान्नेलाई छान्ने भन्ने रास्वपाको सरकारले आफ्नो नेतृत्वको सरकार गठन भएको दुई महिना पनि नपुग्दै विभिन्न क्षेत्रमा प्रहार गर्न थालेको छ ।

प्रतिनिधिसभामा विपक्षीहरूको कमजोर उपस्थिति रहेको भएपनि सरकारले भट्टाभट्टी अध्यादेश ल्याउन थालेको छ । सरकारले संसदबाटै आफूले चाहेको जस्तो कानुन




निर्माण गर्न सक्छ । संसद र संसद अर्न्तगत रहेका सबै समितिहरूमा उसकै बहुमत रहेको छ तर किन उसले बोलाईसकेको संसदको अधिवेशन स्थगित गरेर भट्टाभट्टी अध्यादेश जारी गर्न लागि परेको छ त्यो नै शंकाको विषय बनेको छ ।

बालेन साह नेतृत्वको सरकारलेक काठमाडौ उपत्यका लगायतका अन्य क्षेत्रका सुकुम्बासी बस्तीहरूलाई हटाउने नाममा डोजर आतंक मच्चाएको भन्दै संसदमा रहेका विपक्षी दलहरूले सरकारको ध्यानाकर्षण गराएका छन् । उनीहरूले संसदको अधिवेशन नबोलाई अध्यादेश ल्याउनुपर्नाको कारण माग गर्दै सुकुम्बासी समस्या, महंगी, मलखादको अभाव

>>> बाँकी ८ पेजमा

## प्रदेश संरचना हटाउन गोकुल बास्कोटाको प्रस्ताव

काठमाडौँ । नेकपा एमालेका नेता गोकुल बास्कोटाले सरकारले संविधान संशोधन गर्ने तयारी गरिरहँदा उपराष्ट्रपतिलाई राष्ट्रिय सभाको अध्यक्ष बनाउनु पर्ने तर्क राखेका छन् ।

सामाजिक सञ्जालमा लेख्दै नेता बास्कोटाले जिल्ला समन्वय समिति (जिसस) अनावश्यक भएको र पालिका तथा केन्द्रका बारे मात्रै संशोधन जरूरी भएको बताएका छन् । उनले भनेका छन्, 'पहिला रास्वपा संघीयता खारेज गर्ने भन्थ्यो, अब संविधान संशोधन गर्छ कि गर्दैन ? गर्ने हो भने केन्द्र र पालिका मात्र होस् ।'

उनले राष्ट्रिय सभा १०५ सिटको हुनुपर्ने र पूर्ण समावेसी हुनु पर्ने बताएका छन् । भनेका छन्, 'महिला–पुरूष ५०–५० प्रतिशत, उपराष्ट्रपति नै सभाध्यक्ष हुने व्यवस्था होस् ।'

# From Hormuz to CPEC: Reimagining Pakistan's Energy Security

**Saqib Ur Rehman Mughal**


The ongoing war involving US, Israel, and Iran has triggered one of the most serious disruptions in global energy markets in recent years. For the past two weeks, the Strait of Hormuz — the world's most critical oil chokepoint — has effectively been closed to commercial energy traffic. Nearly one-fifth of global oil trade normally flows through this narrow maritime corridor. Its disruption has once again exposed the fragility of the global energy system and, more importantly, Pakistan's deep structural vulnerability to external shocks.

Pakistan's energy economy is heavily dependent on imported fossil fuels. Oil alone accounts for around 54 percent of the country's fossil fuel imports, and the country imports approximately 80 to 85 percent of its petroleum requirements. Almost half of these imports pass through the Strait of Hormuz, meaning that any disruption along this route can quickly translate into domestic fuel shortages, higher transport costs, and inflationary pressure across the economy.

This crisis highlights a fundamental structural weakness: Pakistan's energy security relies heavily on a single maritime supply corridor. The typical energy flow pattern is straightforward — crude oil and liquefied natural gas shipped from Gulf producers reach Pakistani ports such as Karachi Port and Port Qasim through the Strait of Hormuz. While this system functions efficiently during stable geopolitical conditions, it becomes highly vulnerable during regional conflicts.

In this context, the China–Pakistan Economic Corridor (CPEC) presents an opportunity not merely for infrastructure development but for reimagining Pakistan's energy security architecture. If approached strategically, CPEC could help diversify energy supply routes, strengthen domestic resilience, and reduce exposure to volatile global energy markets.

One of the most immediate strategic opportunities lies in developing Gwadar Port as a regional energy logistics hub. Gwadar's geographic location near the mouth of the Persian Gulf places it close to major global shipping routes. By developing large-scale oil storage facilities and strategic petroleum reserves at Gwadar, Pakistan could build emergency buffers against short-term supply disruptions. Currently, Pakistan's petroleum reserves typically cover only a few weeks of consumption, far below the 90-day strategic reserves maintained by many industrial economies. Expanding storage capacity would significantly enhance the country's ability to withstand temporary supply shocks.



Beyond maritime infrastructure, Pakistan must also rethink its position within the broader Eurasian energy landscape. Central Asia possesses vast hydrocarbon and hydropower resources, yet Pakistan remains largely disconnected from these energy systems. The primary barrier to direct connectivity has historically been the unstable security environment in Afghanistan, which complicates cross-border infrastructure projects.

An alternative approach worth exploring is the development of energy corridors linking Pakistan with Central Asia through western China. China already maintains extensive pipeline infrastructure connecting Central Asian energy producers to its western regions. Expanding regional connectivity under the broader framework of Belt and Road Initiative could eventually allow oil and gas pipelines to extend southward toward Pakistan. While technically challenging due to terrain and infrastructure requirements, such a corridor could diversify Pakistan's energy supply routes and reduce dependence on maritime imports.

Electricity connectivity presents another promising opportunity. Central Asian countries possess substantial hydropower potential, particularly in the mountainous regions of Tajikistan and Kyrgyzstan. These countries generate surplus hydropower during the summer months when river flows are high. Coincidentally, Pakistan experiences peak electricity demand during the same period due to cooling loads. Strengthening regional transmission infrastructure could allow Pakistan to import surplus hydropower from Central Asia during the summer season, improving both energy affordability and grid stability.

While international connectivity is essential, Pakistan's energy resilience must also be strengthened domestically. Many parts of Balochistan, Khyber Pakhtunkhwa, and Gilgit-Baltistan remain underserved by the national electricity grid due to dispersed populations and challenging terrain. Extending the central grid to these regions is often economically unviable. Instead, hybrid renewable-based microgrids and smart grids can provide a practical solution. By combining locally available resources such as solar, micro-hydropower, and wind with battery storage systems, decentralized energy systems can deliver reliable electricity to remote communities while reducing reliance on imported fuels.

The transport sector represents another critical frontier in Pakistan's energy transition. Oil dominates transport energy consumption, making the sector a major driver of the country's petroleum import bill. Electrifying mobility could significantly reduce oil demand over the long term. Expanding charging infrastructure, encouraging local assembly and manufacturing of electric vehicles, and establishing clear regulatory frameworks are essential steps to accelerate this transition.

The next phase of CPEC, often described as CPEC 2.0, focuses more strongly on B2B investment and industrial cooperation. This shift creates opportunities to attract investment into Pakistan's emerging electric mobility sector, including battery manufacturing, EV assembly plants, and charging networks. Such investments would not only reduce oil imports but also support domestic industrial development.

At the same time, Pakistan must carefully reconsider the future composition of its power generation mix. The country has already invested heavily in fossil-fuel-based power plants, including several projects dependent on imported fuels. Expanding additional imported coal-based power generation would further expose the energy system to international price volatility and supply disruptions. Instead, future investments should prioritize renewable energy, grid modernization, and storage technologies.

Ultimately, the current crisis surrounding the Strait of Hormuz illustrates a broader lesson: energy security cannot rely on a single supply route or a narrow set of energy sources. Diversification — across supply corridors, energy technologies, and domestic resources — is essential for building resilience in an increasingly uncertain geopolitical environment.

For Pakistan, the strategic significance of CPEC lies not only in roads and ports but in its potential to connect the country with emerging Eurasian energy networks while strengthening domestic energy systems. By investing in strategic storage, regional connectivity, decentralized renewable systems, and electrified transport, Pakistan can gradually transition from a fragile import-dependent model toward a more diversified and resilient energy future.

In an era where geopolitical conflicts can disrupt global energy flows overnight, rethinking Pakistan's energy security is no longer a policy choice — it is a national imperative.

# निर्माण व्यवसायीको चेतावनी- एक साताभित्र मूल्य समायोजन नभए निर्माणकार्य बन्द हुन्छ

काठमाडौं। इन्धनसहित निर्माण सामग्रीमा भएको अप्रत्याशित मूल्यवृद्धिलाई एक साताभित्र समायोजन गर्न निर्माण व्यवसायीले माग गरेका छन् । नेपाल निर्माण व्यवसायी महासंघले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै एक साताभित्र मूल्य समायोजनको निर्णय नगरेमा आयोजनाका सम्पूर्ण निर्माणकार्य स्वतः बन्द गर्दै जाने चेतावनी दिएको हो । इन्धनसहित निर्माण सामग्रीमा भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्यवृद्धिलाई सरकारले समयमै समायोजन नगर्दा निर्माण उद्योग कठिन मोडमा आइपुगेको महासंघका अध्यक्ष निकोलस पाण्डेले बताए । निर्माण उद्योग शिथिल हुँदा मुलुकको समग्र आर्थिक अवस्थामा नै प्रतिकूल प्रभाव परेको अध्यक्ष पाण्डेको भनाइ छ । 'प्रत्येक आयोजनामा भएको मूल्यवृद्धि भएअनुरूप मूल्य समायोजनको मार्गनिर्देशिका वा परिपत्र तत्काल जारी गर्न र सबै अवधिका ठेक्काको हकमा मूल्य समायोजनको व्यवस्था गरी मूल्यवृद्धिको समस्याबाट पीडित सबै निर्माण व्यवसायीलाई तत्काल राहत दिन आग्रह गर्दछु,' उनले भने ।




अहिलेको गम्भीर परिस्थितिका कारण निर्माण आयोजना पूर्वनिर्धारित समयमै सकिने कुनै सम्भावना नभएकाले बैंक ग्यारेन्टी, इन्स्योरेन्स तथा थप क्षतिपूर्तिसहित सबै आयोजनाको म्याद थप र बजेट व्यवस्थापनका लागि अध्यक्ष पाण्डेले माग गरे । महासंघका महासचिव शिवहरि घिमिरेले निर्माणकार्य ठप्प हुँदा उत्पन्न हुने सबै परिणामको जिम्मेवारी सरकारले नै लिनुपर्ने भन्दै उनले आन्दोलनका कार्यक्रम घोषणा गर्नेसमेत बताए । इरान युद्धअघि डिजेल प्रतिलिटर मूल्य एक सय ३९ रहेकोमा हाल प्रतिलिटर दुई सय २५ पुगेको छ । युद्धअघि प्रतिकेजी ७५ पर्ने बिटुमिनको मूल्य हाल एक सय ५५ पुगेको छ । यसले निर्माणको लागत बढाएको उनले बताए ।

यसैबिच सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश आंशिक रूपमा मात्र निर्माण उद्योगमैत्री भएको महासंघको ठहर छ । एक वर्षभित्रका सबै ठेक्कामा अनिवार्य दिइनुपर्ने मूल्य समायोजनका विषय, उपभोक्ता समिति र लाभग्राही समुदायसम्बन्धी व्यवस्था खारेजी, सरकारी नियन्त्रणको पूर्वाधार कम्पनीको खारेजी, निर्माणकार्यको मासिक भुक्तानी, थप कार्यसम्पादन जमानतलगायत महासंघले उठाएका विषयमा अध्यादेशमा केही सम्बोधन नभएको महासंघको भनाइ छ । यद्यपि, जेभीको दायित्व हस्तान्तरण गर्न नपाइने, २० प्रतिशत मोबिलाइजेसन पेस्की दिने व्यवस्थामा पारदर्शिता, भेरिएसन आदेशमा सरलीकरण, समयमै काम सक्ने निर्माण व्यवसायी र सम्बन्धित कर्मचारीलाई पुरस्कार, निर्माण कम्पनीको एकीकरण र बिड क्यापासिटीको अवधारणालगायतका विषय अध्यादेशका सकारात्मक पक्ष भएको महासंघको भनाइ छ ।



# पुरानालाई गाली गरेर, प्रतिषोध साधेर नयाँ पुस्ता गनाउँछ मात्र ?



• राजन कार्की
rajan2012karki@yahoo.com

परजीवी अर्थतन्त्र बोकेर लोकतन्त्र अजम्मरी बन्न सक्दैन । स्वाधीन देश र स्वतन्त्र अर्थतन्त्रको जग हाल्ने हो भने बन्द भएर मरेका उद्योगधन्दामा प्राण हालौं, नयाँ उद्योगधन्दा चलाउन सुविधा दिउँ । कर ठगीमाथि नियन्त्रण त हुनैपर्छ, नयाँ उद्योग स्थापना गर्नेलाई १० वर्षे कर छुट दिउँ । पुराना उद्योगधन्दा चलाउँदा आत्मनिर्भरता हुनजान्छ, जसले गर्दा रोजगारीको बृद्धिमात्र होइन, स्वाभिमान पनि उँचो हुन्छ ।

कपास खेती छ, कपडा उद्योग छ । स्कूल, कलेज, कर्मचारी, सेना, प्रहरी जता पनि युनिफर्म आवश्यक छ । टायर कारखाना छ, व्यक्ति र राज्यका सवारी साधन कति छन् कति, रवर उत्पादन हुनसक्ने सम्भाव्यता पनि छन् ।

लोकतन्त्र आउनुपूर्वसम्म बालाजु यन्त्रशालाले निर्माण गरेका जलविद्युत् टर्बाइनहरूको वैदेशिक माग थियो । नेपालमै जलविद्युतको प्रचूर सम्भाबना छ । जुत्ता कारखाना, कागज कारखाना, चुरोट, चिनी, औजार सबै कारखाना बन्द गरेर आयातमुखी भएका छौं । कृषि प्रधान देशमा अरौं, अरवको खाद्यान्न आयात हुन्छ । ९४ प्रतिशत ॐकार परिवार छन्, तिनले लगाउने जनैसुपारी, जे पनि आयात हुन्छ । नेपालका काठ कुहिएर माटो हुँदैछन्, भारतमा रातारात तस्करी भइरहेका छन्, नेपालमा मलेसियाबाट काठ आयात गरिन्छ । पर्यटनको आधार हिमाल, प्रकृति, वन्यजन्तु, धर्म, संस्कार, सम्पदा, संस्कृति सबै नष्ट गरिरहेका छौं । पश्चिमा सभ्यताले नेपालपन ढाक्दै गएको छ ।  नयाँ पुस्ता आयो । पुरानालाई गाली गरेर, प्रतिषोध साधेर नयाँ पुस्ता गनाउँछ मात्र । निराशा थियो, आशा जगाएको नयाँ पुस्ताले हो, आशा देखेको आमनागरिकले हो । त्यो आशा उजिल्याउने स्वराज, स्वावलम्बनको उत्खनन् गरेर हो । त्यसका लागि भएका तर बन्द रहेका उद्योग चलाइहालौ । नयाँ उद्यमलाई सुविधा र सुरक्षा दिएर आकर्षित गरिहालौं । उद्योगको जग नबसी रेमिटान्स अर्थतन्त्रले धान्दैन, अघि बढ्न सकिन्न । रेमिन्सले अर्थतन्त्र बलियो हुने भए लामो समय कोरिया रेमिट्यान्समा चल्यो, विकास भएन । त्यसपछि कोरियाले आत्मनिर्भरतामा बल दियो, उद्यम व्यवसायलाई महत्व दियो । त्यही कोरियामा नेपालका सवालाख युवा रोजगारीमा छन् । तिनले सिकेको सिपले देशमा कायकल्प गराउन सक्छ । विदेशमा भएको ८० लाखभन्दा बढी युवाहरूले अनेक सिप सिकेका छन् । तिनलाई देशमा आकर्षित गर्न सकियो भने अहिले आएको नयाँ पुस्ताले आत्मनिर्भरतामा बेग हान्न सक्छ । त्यो बेग रोकिनु हुन्न ।

नयाँ पुस्ताको सरकारका सामु कुनै अल्झन छैन । ५ वर्षका लागि जनादेश मिलेको छ । त्यो जनादेशको भरपुर लाभ उठाउन सक्ने हो भने नयाँ पुस्तामा जुन जनविश्वास देखियो, त्यो सार्थक हुनसक्छ ।

निराशा यथावत राख्ने छुट नयाँ पुस्तालाई छैन । हुनसम्मको विध्वंश भयो । हुनै नहुने नरसंहार पनि भयो । अव सिर्जना हुनुपर्छ । जीर्णतामा देश अडिन सक्दैन । जनयुद्ध, जनक्रान्ति सकियो । विद्रोह र आन्दोलन पनि सकियो । अब औद्योगिक क्रान्ति हुनुपर्छ । जसले प्रत्येक नेपालीको नाना, खाना र छानाको बन्दोबस्त गर्नसक्छ । सुकुम्वासी र हुकुमवासीको गफ होइन, सबैलाई व्यवस्थापन गर्ने निर्णय तत्काल हुनुपर्छ । २०४६ सालदेखि जे भयो, त्यो कालरात्रि फारिनुपर्छ । शुभ दिन सुरु हुनुपर्छ । जनताको पक्षमा, राष्ट्रको पक्षमा भएका कुनै पनि निर्णयमा नेपाल एकहुनुपर्छ । यसका लागि सत्तारूढा दलले सबै राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकाय गर्नुपर्छ । जसले यो काममा बाधा हाल्नेछ, त्यसलाई जनताले नै किनारा लगाउनेछन् ।

यो समय राजनीतिक स्थिरता, समृद्धि, शान्ति, सुशासन र विकास गर्ने समय हो ।

राजनीति मृत थियो, ब्यूँझियो । जनता मौन थिए, बिद्रोह गरे । अर्थतन्त्र मृत छ, जगाउनु पर्छ । युद्धले थिलथिलो भएका कैयौं मुलुक सम्पन्नतामा उक्लिएका छन् । गरे के हुँदैन । विश्वभरि फैलिएर नेपालीले शान्तिदेखि निर्माणसम्म गरेका छन् । तिनै नेपाली हातले अवसर पायो भने आफ्नै जन्मभूमि नबनाउने कारण के छ र ? यहाँ त प्रत्येक युवामा रानीतिले गरिखान दिएन, गरिखानै पाइदैन, अवसर दिएन, विभेद र निषेधको नीति छ, योग्यताको कदर छैन, आफन्तवादले सिध्यायो देश भन्ने भाष्य स्थापित छ । त्यो भाष्य बदल्ने नयाँ पुस्ताको सरकारले हो । सरकारले विज्ञ, विशेषज्ञहरूसँग अब के के गर्ने भनेर सुझाव लिँनु उचित हुनेछ । हुन त जनतासँग गरेको करार र बाचापत्र छन् । ती करार र बाचापत्रमा थप सुझाव लिएर अघि बढ्दा सरकार सानो हुँदैन । सरकारको सम्मान नै बढ्नेछ । अनेक काविलियत भएकाहरु राजनीतिक हाहा हुहुबाट परै चूपचाप बसेका छन् । तिनको खोजी गरेर सरकारले देशहित, जनहितमा प्रयोग गर्ने क्षमता देखाउनुपर्छ । जसरी राजा महेन्द्रले देशविदेश, अमेरिका–दार्जीलिङदेखि योग्य व्यक्तिहरु खोजी खोजी देशको भाषा, साहित्य, अर्थतन्त्र, राजनीति, संस्कृति, सम्पदा विकासमा लगाएका थिए । देश बनाउने सोच चाहिन्छ, उत्साह र जाँगर भए देश निर्माणले गति लिनसक्छ ।

स्मरणीय छ, कोरिया, सिंगापुर र भियतनामको मोडल नेपालले सिक्नसक्छ । भोकमरी, गरिबी, हिंसा र अराजकतालाई ती मुलुकले परास्त गर्न सफल भए । राज्यले पूर्वाधारमा सघाउने, निजी क्षेत्रलाई व्यवस्थापन, सञ्चालन गर्न दिने हो भने ती मोडलले नेपालमै गरिखान पाइन्छ भन्ने वातावरण बनाउन सक्छ ।

नरसंहारले ध्वस्त र असफल मुलुक थियो रूवाण्डा । बिस्तारै औद्योगिक क्रान्ति थाल्यो । चिया र कफीलाई ब्राण्डिङ गरेर रूवाण्डा सुशासनयुक्त मुलुक बन्न सकेको छ । यो मोडल नेपालका लागि अझ उपयोगी हुनेछ किनकि नेपालमा कृषिको प्रचूर सम्भाबना छ ।

विभिन्न कारणले विश्वशक्ति नै नेपालप्रति आकर्षित छन् । नेपालका लागि क्षमता प्रदर्शन गर्नसके भूराजनीतिक यो खेल अवसर पनि हुनेछ । सबैले नेपाललाई सघाउन तैयार छन्, सघाउ लिने र उपयोग गर्ने नेपालको कुशल कूटनीतिको आवश्यकता छ ।

पानी र विद्युतको नेपाल भण्डार नै हो । प्रकृति र सगरमाथा, बुद्ध र वन्यजन्तु, सम्पदा र संस्कृति त विश्वको आकर्षण नै हो । जडिबुटीको त भण्डार नै हो नेपाल । यत्ति उपयोग गर्न सक्ने हो भने नेपालमा न रोजागारीको खाँचो हुनेछ, न आर्थिक संकट नै । अर्थतन्त्रको विकासमा त गजबैको तरङ्ग उठ्न सक्छ । खाका सार्वजनिक हुनुपर्छ, नेपाली एकता चाहिन्छ, इच्छाशक्ति प्रदर्शन भयो भने नेपाल विश्वकै पर्यटन केन्द्र बन्नसक्छ । उद्यमले छलाङ् हान्नेछ ।

नदी छन्, हाइड्रोजन उत्पादन गर्न सकिन्छ । पहाड छन्, सिमेन्टको हब बन्नसक्छ । युरेनियमको त खानी नै छ । मात्र राजनीतिमा सत्तास्वार्थ छ । देश बनाउने हुटहुटी छैन । नेपाल हरेक दृष्टिले धनी छ तर नेपालीलाई राजनीतिले गरीब बनाएको छ । नेपाल कसरी बनाउने भन्ने विषयमा राष्ट्रिय बहस गरेर राष्ट्रिय एकताका साथ ब्लूप्रिन्ट निकाल्ने र काम थाल्ने हो भने नयाँ पुस्ताले आउने पुस्तालाई सम्पन्न नेपाल सुम्पन सक्नेछन् । एकपल्टको नेपाली, सधैंको नेपाली । नेपाल फस्ट । नयाँ पुस्ताको सरकारको नीति हो । यही नीतिअनुसार विदेशमा रहे बसेका नेपालीको सिप र धन नेपालमा लगानी गर्न आकर्षित गर्नुपर्छ । विदेश बनाउनेले नेपाल बनाउन सक्छन् । तिनको सिप नेपालका लागि सञ्जिवनी नै हुनसक्छ । लुटलाट, चाटचुटमा ध्यान पुऱ्याउने र उद्योग व्यवसायमा सुविधा दिने हो भने नेपाल आत्मनिर्भरतातिर लाग्ने पाँच वर्ष नै काफी हुनेछ । जब सिस्टम बस्छ, त्यसपछि जुनसुकै पार्टीको सरकार आए पनि फरक पर्दैन ।

पाँच पाँच वर्षमा सरकार आउँछ जान्छ । नीति, नैतिकता, आचरण र निष्ठालाई अटल बनाउन सकियो भने हरेक पार्टी यही लक्ष्मण रेखाबाट बाँधिनेछन् । त्यसपछि राजनीति आफ्नो तरिकाले चलिरहन्छ, युवाले देशमा गरिखान पाइएन भन्नुपर्ने छैन । नेपाल अहिलेजस्तो परजीवी पनि हुनेछैन ।



पढ्थ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ।

\- अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# 'बुढी मरी भन्ने होइन काल पस्यो' भन्ने डर !

*नेपालीमा एउटा उखान चर्तित रहेको छ त्यो हो 'बुढी मरी भन्ने होइन काल पस्यो' भन्ने। अहिले नेपाली राजनीतिमा यो उखान ठ्याक्कै मिलेको छ। अहिले रास्वपा नेतृत्वको बालेन सरकार रहेको छ। सरकार आफैँले वैशाख १० गते बोलाएको संसदको अधिवेशन वैशाख ११ गते नै स्थगित गऱ्यो। वैठक स्थगित हुनुको कारण सरकारले संसदको तयारी नपुगेको बताएको थियो। तर वास्तविकता त्यस्तो थिएन। सरकारले २०८२ चैत्र १३ गते भन्दा अगाडि नियुक्ति भएका सबै आयोग, संघ सस्था, विश्व विद्यालयलगायत सरकारी कार्यालय र संस्थानहरूका पदाधिकारीहरूलाई अधिल्लो सरकारका झोले भन्दै अध्यादेश ल्याएर एकै पटक १६०० भन्दा बढी पदाधिकारीहरूलाई बर्खास्त गरेको छ। सरकारले ल्याएको अध्यादेशअनुसार सुशिला कार्कीले नियुक्त गरेका केही व्यक्तिहरू समेत पदमुक्त भएका छन्। वैशाख १९ गते देखि नै सो व्यवस्था लागु भईससकेको छ।*

*बहुदलीय व्यवस्थामा प्रत्येक व्यक्तिलाई आफूले मन पराएको राजनीतिक दलमा संलग्न हुने अधिकार रहन्छ। त्यसैलाई मानिसले प्रयोग गरिरहेका हुन्छन्। २०८२ फागुन २१ गतेको निर्वाचन हुनु अघिसम्म रास्वपामा प्रवेश गर्नेहरूको लहर नै चलेको थियो। त्यसबेला अर्थात २०८२ पुष मसान्त सम्ममा धेरै व्यक्तिहरू रास्वपामा प्रवेश गरेका थिए भने बालेन साहको समूह समेत पुषमा नै रास्वपामा प्रवेश गरेका थिए। अहिले उनै प्रधानमन्त्री रहेका छन्। त्यसबेला नेपाली कांग्रेस, नेकपा एमाले नेपाली कम्युनिष्ट पार्टी र मधेशवादी पार्टीहरूबाट समेत ठुलो संख्यामा रास्वपामा प्रवेश गरेका थिए भने उम्मेदवारी दिने दिनसम्ममा पनि रास्वपामा प्रवेश गर्दै गर्दा उनीहरू सबैलाई रास्वपाले टिकट दिएको थियो। उनीहरू निर्वाचनमा गएर निर्वाचित समेत भएका छन्। नेपाली कांग्रेसबाट रास्वपामा ३२ जना एमालेबाट २३ जना नेपाली कम्युनिष्ट पार्टीबाट १३ र मधेशवादी पार्टीबाट १७ जना प्रवेश गरेकाहरू मध्ये अहिले उनीहरू सबै सांसद बनेका छन् भने केही मन्त्री बनेका छन्।*

*सरकारले ल्याएको अध्यादेशले गर्दा मुलुकको राजनीतिक व्यवस्थामै हलचल मच्चिएको छ। रास्वपामा प्रवेश गरेका व्यक्तिहरू रास्वपाका झोले नहुने तर अरु पार्टीका झोले हुने ? अब अहिले खाली रहेका पदहरूमा रास्वपाका झोलेहरूले नै नियुक्ति पाउने सम्भावना देखिएको छ। हिजो विभिन्न पार्टीबाट रास्वपामा प्रवेश गरेका व्यक्तिहरू सांसद भएका छन् भने अब उक्त पार्टीमा प्रवेश गर्नेहरूले नै विभिन्न पदमा नियुक्ति पाउने प्रायः निश्चित जस्तै भएको छ। सरकारले योग्यता, दक्षता र कुनै पार्टीको झोले नभएका व्यक्तिलाई नियुक्ति दिने निश्चित रहेकाले गर्दा अब पदको लोभका लागि रास्वपामा प्रवेश गर्दै पद हत्याउने संख्या ह्वात्तै बढ्न सक्छ ? हिजो निर्वाचनको बेला विभिन्न पार्टीबाट रास्वपामा प्रवेश गरेका व्यक्तिहरू जसरी चोखा भएर सांसद र मन्त्री बने त्यसैगरी अब हिजोका तिनै झोलेहरू अब रास्वपाका लागि सच्चा हुने भएका छन्।*

*अघिल्लो सरकारले नियुक्त गरेका पदाधिकारीहरूलाई हटाएर नयाँ नियुक्ति गर्दा बालेन सरकार र रास्वपा पनि आरोपबाट मुक्त हुन सक्ने सम्भावना नै देखिँदैन। पछिल्लो समयमा जुन पार्टीलको सरकार छ त्यही पार्टीको मान्छे नियुक्ति भए भने चलन चलेको छ। बालेन सरकारबाट नियुक्त भएका व्यक्तिहरूलाई राष्ट्रिय स्वतन्त्र पार्टीको मान्छेलाई नियुक्त गरियो भन्ने आरोप लाग्न सक्छ। एकै पटक ठुलो रिक्तताले अन्योल सिर्जना गरेको छ। यो अन्योल हटाउन तत्काल नियुक्ति प्रक्रिया के हुन्छ कस्ता व्यक्तिलाई नियुक्ति दिइन्छ भन्ने विषयमा अहिले सम्म कुनै जानकारी नगराएको हुनाले जनताले रास्वपाकै समर्थकहरूले नै त नियुक्ति पाउने होला नि भन्न थालेका छन्।*

*नेपालको इतिहासमै एकै पटक यति ठुलो संख्यामा विभिन्न निकायका पदाधिकारीहरूलाई अध्यादेश ल्याएर पदमुक्त गरेको यो नै पहिलो पटक होला। २०४६ सालको राजनीतिक परिवर्तनमा पनि यस्तो गरी विभिन्न निकायका पदाधिकारीहरूलाई पदमुक्त गरिएको थिएन। बहुदलीय व्यवस्थामा मानिसले दल रोज्न पाउँछन् त्यो उसको नैसर्गिक अधिकार हो। आफ्नो दलको समर्थक भएन भनेर एकै पटक ठुलो संख्यामा पदाधिकारीहरूलाई पदमुक्त गर्ने अध्यादेश ल्याएको सायद यो नै पहिलो पटक होला। त्यसमा पनि झण्डै दुई तिहाईको सरकारले। बालेन सरकारले संसदबाटै आफूले चाहेजस्ता विधेयक पारित गराउन सक्छ तर उसले संसदीय परम्परा र संसदीय व्यवस्थाकै खिल्ली उडाउँदै आह्वान गरिसकेको संसदको बैठक स्थगित गरेर अध्यादेश ल्याउनुलाई 'बुढी मरी भन्ने होइन काल पस्यो' भन्ने उखानलाई चरितार्थ गरेको छ।*

*संसदमा झण्डै दुइ तिहाई मत रहेको बेला सांसदहरूलाई कुनै काम नगरी तलबभत्ता खुवाएर राख्ने अनि विभिन्न अध्यादेश ल्याएर राज्य सञ्चालन गर्ने रास्वपा र उसको नेतृत्वको बालेन सरकारको कार्यलाई बहुदलीय पद्दति भित्रको कार्य र लोकतान्त्रिक चरित्र भन्नु किमार्थ उचित हुन सक्दैन भन्ने हाम्रो ठहर रहेको छ।*

# अध्यादेशबारे संवैधानिक शक्ति सन्तुलन र अभ्यास

**प्राडा गान्धी पण्डित**

नेपालको संवैधानिक अभ्यास फेरि एकपटक गम्भीर बहसको केन्द्रमा छ । संविधानको धारा ११४ बमोजिम संवैधानिक परिषद् ऐनलाई संशोधन गर्ने प्रयोजनका लागि जारी गर्न भनी मन्त्रिपरिषद्ले सिफारिस गरेको अध्यादेशलाई राष्ट्रपतिले 'पुनर्विचारका लागि फिर्ता' पठाउनु सामान्य प्रक्रियागत निर्णयजस्तो देखिए पनि यसको संवैधानिक अर्थ, संरचनात्मक प्रभाव र यसले पार्न सक्ने दीर्घकालीन प्रभाव अत्यन्त गम्भीर हुने देखिन्छ ।

यो कदम केवल राष्ट्रपतिले संविधानको धारा ६६ को दायराभित्र रहेर संवैधानिक अधिकार प्रयोग गरेको विषयका रूपमा हेरिनुहुँदैन, यो त राज्य शक्ति सन्तुलनको व्याख्यात्मक सीमा नाघ्ने गरी राष्ट्रपतिले धाबा बोलेको रूपमा पनि हेरिनुपर्छ । संवैधानिक परिषद् ऐनलाई संशोधन गर्ने अध्यादेश फिर्ता गर्ने राष्ट्रपतिले चालेको कदमबाट एउटा मूल प्रश्न स्पष्ट र खरो रूपमा प्रस्तुत हुन पुगेको छ, त्यो हो- के राष्ट्रपतिलाई अध्यादेश रोक्ने, फिर्ता गर्ने वा अस्वीकार गर्ने अधिकार संविधानले प्रदान गरेको छ ? संविधानको धारा ११४ मा संघीय संसद् नचलेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद् को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ ।

सो धाराको स्वाभाविक र शाब्दिक अर्थबाट राष्ट्रपतिले मन्त्रिपरिषद्को अध्यादेशको सिफारिसलाई जारी गर्नुपर्ने कर्तव्यबाहेक त्यसलाई जारी गर्नबाट रोक्ने वा फिर्ता गर्ने अधिकार राष्ट्रपतिलाई प्रदान गरेको देखिँदैन । संविधान निर्माताले धारा ११४ मस्यौदा गर्दा राष्ट्रपतिलाई अध्यादेश जारी गर्नुपर्ने कर्तव्यबाहेक फिर्ता गर्ने अधिकार प्रदान नगरेको स्पष्ट देखिन्छ । त्यस्तो मनसाय रहेको भए धारा ११३ मा जसरी संसद्ले परित गरेको विधेयकलाई राष्ट्रिपतिले एकपटक फिर्ता पठाउन पाउने अधिकार दिइएको छ, सोहीअनुसारको भाष्य र शब्दको प्रयोग धारा ११४ मा पनि गरिने थियो । तर, त्यस्तो भाषाको प्रयोग र आशय प्रकट नगरिएको हुँदा अध्यादेश फिर्ता गरिनुले संवैधानको मर्म र भावनाविपरीत राष्ट्रपतिले आफूसँग हुँदै नभएको अधिकार विस्तार गर्न खोजेको देखिन्छ ।

कार्यकारी शक्तिको स्पष्ट संवैधानिक संरचना : संविधानले राज्य शक्तिको संरचना स्पष्ट रूपमा विभाजन गरेको छ । धारा ७५ ले कार्यकारी अधिकार मन्त्रिपरिषद्मा निहित हुने व्यवस्था गरेको छ । यसको अर्थ राज्य सञ्चालन, नीति निर्माण, प्रशासनिक निर्णय र राजनीतिक जिम्मेवारी सबै निर्वाचित सरकारमा केन्द्रित हुनेछ भनी मन्त्रिपरिषद्लाई स्पष्ट कार्यकारी अधिकार प्रदान गरेको हुँदा मन्त्रिपरिषद् कार्यकारी अधिकार सम्पन्न निकाय हो । संविधानको समग्र संरचनाको अध्ययन र विश्लेषण गर्दा राष्ट्रपतिको भूमिका कार्यकारी होइन, आलंकारिक (सेरिमोनियल) हो । उनी राष्ट्राध्यक्षसम्म हुन्, जसको प्रमुख कर्तव्य संविधानको पालन र संरक्षण गर्नु हो ।

धारा ६६ ले राष्ट्रपतिलाई संविधान र कानुनले प्रदान गरेको अधिकारसम्म प्रयोग गर्ने र संविधानमा तोकेको कर्तव्य पालन गर्ने व्यवस्था गरेको छ । यहाँ 'कर्तव्य' शब्द अत्यन्त महत्वपूर्ण छ । यसले स्पष्ट संकेत के गर्छ भने राष्ट्रपति पद कार्यकारी होइन, संविधानको पालन र संरक्षणकर्ता हो । शासन सञ्चालनको निर्णय, नीति निर्माण वा कानुनी आवश्यकताको मूल्यांकन गर्ने अधिकार राष्ट्रपतिमा निहित छैन । त्यसैले, अध्यादेशको अन्तरवस्तु हेर्ने, विश्लेषण गर्ने र त्यसका आधारमा अध्यादेश जारी गर्ने वा जारी नगरी फिर्ता गर्ने अधिकार राष्ट्रपतिलाई छैन ।

धारा ११४ : भाषिक व्याख्या र संरचनात्मक सीमा : धारा ११४ मा उल्लेख भएको 'राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ' भन्ने वाक्यांशलाई आधार बनाएर कतिपयले राष्ट्रपतिमा मन्त्रिपरिषद्ले सिफारिस गरेको अध्यादेश जारी गर्ने वा नगर्ने अधिकार रहेको भन्ने व्याख्या गर्न खोजेको देखिन्छ । तर, संवैधानिक व्याख्या केवल शब्दमा सीमित नरही संविधानको समग्र संरचना, प्रणालीगत सन्तुलन र संस्थागत भूमिकाका आधारमा गरिनुपर्छ ।

यदि 'सक्नेछ' भन्ने शब्दलाई राष्ट्रपतिको आलंकारिक हैसियतलाई बिर्सिएर निजले पूर्ण र स्वतन्त्र रूपमा निर्णय गर्न पाउने अर्थमा व्याख्या गर्न खोजियो भने यसले राष्ट्रपतिलाई सेरिमोनियल हैसियतबाट कार्यकारी प्रमुखमा रूपान्तरण गर्न मद्दत पुग्छ, जसबाट उनले चाहेको अध्यादेश जारी गर्ने, नचाहेको नगर्ने वा अध्यादेश फिर्ता गर्ने परिपाटी सुरू हुन थाल्छ, जुन संसदीय शासन प्रणालीको मूल आत्मासँग प्रत्यक्ष रूपमा बाझिन्छ, किनभने संसदीय प्रणालीमा कार्यकारी शक्ति निर्वाचित सरकारमा निहित हुन्छ, राष्ट्रपतिमा कदापि होइन ।

त्यसैले, यहाँ 'सक्नेछ' भन्ने शब्दलाई राष्ट्रपतिको अधिकारसित नजोडी मन्त्रिपरिषद् को अध्यादेश जारी गर्न पाउने कार्यकारी अधिकारसँग जोडेर व्याख्या गरिएमा मात्र त्यसले संविधानको मर्म र भावनालाई समेट्छ ।

अध्यादेशको संवैधानिक प्रकृति : अध्यादेश एकपटक जारी भएपछि अनन्तकालसम्म कायम रहने कानुनी प्रावधान होइन । अध्यादेश त केवल संसद् नचलिरहेको अवस्थामा तत्काल कानुनको आवश्यकता पूरा गर्न प्रयोग गरिने अस्थायी विधायकी उपाय वा माध्यम हो, जसको सीमावधि अध्यादेश जारी भएको मितिबाट संसद्को पहिलो बैठक बोलाएको अवधिसम्म मात्र सीमित हुन्छ । सामान्यतः अध्यादेश तीन आधारभूत सिद्धान्तमा आधारित हुन्छ, पहिलो- अध्यादेश मन्त्रिपरिषद्ले चाहेको अवस्थामा मात्र जारी हुने हुँदा मन्त्रिपरिषद्को सिफारिस अनिवार्य हुन्छ । दोस्रो- अध्यादेश जारी गर्दा मोल्नुपर्ने राजनीतिक र कानुनी जोखिम सरकारले नै वहन गर्नुपर्ने हुँदा यसको जस र अपजस सरकार आफैँले नै वहन गर्नुपर्ने हुन्छ । तेस्रो- एकपटक अध्यादेश जारी गरेपछि पनि यसको वैधानिकता र आवश्यकताको अन्तिम परीक्षण संघीय संसद्ले गर्ने अधिकार राख्छ । एकपटक जारी भएको अध्यादेशलाई संसद्ले अनुमोदन नगर्दासम्म त्यसले कानुनका रूपमा निरन्तरता पाउन सक्दैन । यसले स्पष्ट रूपमा के इंगित गर्छ भने अध्यादेश सरकारको कार्यकारी अधिकारको विषय हो, राष्ट्रपतिले जारी गर्ने वा नगर्ने भनी निर्णय गर्न पाउने स्वविवेकीय अधिकारको विषय होइन । अध्यादेश जारी नगरी राष्ट्रपतिले सरकारको विशिष्ट कार्यकारी अधिकारमा अतिक्रमण गर्ने हैसियत राख्दैनन् । त्यसैले, अध्यादेशलाई रोक्ने, फिर्ता गर्ने वा अस्वीकार गर्ने अधिकार संविधानले राष्ट्रपतिलाई दिएको छैन र दिएको छ भनी घुमाउरो पाराले स्वीकार गर्न सकिँदैन ।

विधेयक र अध्यादेशबिचको भिन्नता : संवैधानिक व्याख्याको परिप्रेक्ष्यमा विधेयक र अध्यादेशलाई एउटै दृष्टिले हेर्नु गम्भीर त्रुटि हो । किनभने, विधेयक संसद्ले पारित गर्छ र ऐनका रूपमा लागू गर्न राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पेस गरिन्छ । तर, संसद्ले प्रमाणीकरणका लागि पेस गरेको विधेयकलाई धारा ११३ बमोजिम राष्ट्रपतिले एकपटक पुनर्विचारका लागि फिर्ता पठाउन सक्छन् । त्यसरी फिर्ता गरिएको विधेयकलाई संसद्ले पुनः पारित गरेपछि राष्ट्रपतिले त्यस्तो विधेयकलाई अनिवार्य रूपमा प्रमाणीकरण गर्ने संवैधानिक व्यवस्था छ ।

तर, अध्यादेश मन्त्रिपरिषद्को क्षेत्राधिकारभित्रको विषय हो । मन्त्रिपरिषद्ले कुनै विषयमा अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्छ भने राष्ट्रपतिले 'किन्तु, परन्तु' नभनी तुरून्तै जारी गर्नु निजको संवैधानिक दायित्व हो, जसको व्यवस्था धारा ६६ मा गरिएको छ । उनलाई संविधानले अध्यादेश जारी गर्ने कर्तव्य तोकिदिएको छ, तसर्थ त्यस्ता अध्यादेशलाई जारी नगर्ने वा अस्वीकार गर्ने वा फिर्ता गर्ने अधिकार राष्ट्रपतिमा नरहेको धारा ११४ को शाब्दिक अर्थबाट स्पष्ट देखिन्छ । विधेयक र अध्यादेश जारी गर्न गरिएका संवैधानिक भिन्नता आकस्मिक होइन । यो संसदीय लोकतन्त्रको जानाजान गरिएको संस्थागत 'डिजाइन' हो, जसले कार्यकारी शक्ति मन्त्रिपरिषद्लाई मात्र प्रदान गरेको छ ।

संवैधानिक परिषद्सम्बन्धी निर्णय तीनजना सदस्यको बहुमत वा चारजानाको बहुमतबाट परित हुनुपर्छ भन्ने विषय नीतिगत निर्णय हो । यस्तो अध्यादेश सरकारको कार्यकारिणी अधिकार क्षेत्रभित्रै पर्छ । यस्तो विषय संसद्मा बहसको विषय हुन्छ, तर राष्ट्रपतिको अधिकार क्षेत्रभित्र पर्दैन । राष्ट्रपतिले यसको औचित्यको मूल्यांकन गर्न थाल्नु केवल राष्ट्रपतिको कार्यकारी भूमिकाको विस्तार खोजेको मात्र होइन, यस्तो कदमले निजको 'सेरोमोनियल' भूमिकाको सट्टा कार्यकारी अधिकारको सीमा विस्तार गर्न खोजेको संकेतका रूपमा हेर्न सकिन्छ ।

उत्तरदायित्व र शक्ति सन्तुलन : लोकतान्त्रिक शासन प्रणालीमा जहाँ शक्ति हुन्छ, त्यहीँ उत्तरदायित्व पनि साथसाथै गाँसिएको हुन्छ । अध्यादेशका सन्दर्भमा त्यसको राजनीतिक उत्तरदायित्व सरकारको हुन्छ । किनभने, सरकार संसद् र जनता दुवैप्रति जिम्मेवार र उत्तरदायी हुन्छ, जबकि राष्ट्रपति यी कसैप्रति जिम्मेवार र उत्तरदायी हुनुपर्दैन । त्यस अर्थमा मन्त्रिपरिषद्ले सिफारिस गरेको अध्यादेश राष्ट्रपतिले जारी गर्नैपर्छ । अन्यथा, संविधानले परिकल्पना गरेको शक्ति र जिम्मेवारीबिचको सन्तुलन खल्बलिन पुग्छ ।

अध्यादेश जारी नगर्ने अभ्यास र यसका जोखिम : राष्ट्रपतिबाट अध्यादेश फिर्ता पठाउने अभ्यास संस्थागत हुँदै गयो भने त्यसले संवैधानिक संरचनामा गम्भीर प्रभाव पार्न सक्छ । जस्तै- कार्यकारी निर्णय प्रक्रियामा दोहोरो नियन्त्रण, सरकारको कार्यकारी अधिकार र स्वायत्ततामा ह्रास, राष्ट्रपतिको राजनीतिक भूमिकामा अप्रत्यक्ष विस्तार एवं संसदीय प्रणालीको शक्ति सन्तुलन कमजोर हुन जान्छ । संवैधानिक विधिशास्त्रमा यस्तो अभ्यासलाई शक्तिको अनुचित विस्तार भनी बुझिन्छ, जुन दीर्घकालीन रूपमा संवैधानिक एवं संस्थागत अस्थिरताको मूल स्रोत बन्न सक्छ ।

पुनर्विचार गर्न भनी फिर्ता गरिएको राष्ट्रपतिको निर्णयको संवैधानिक सीमा

समर्थकले यसलाई 'अस्वीकार होइन, पुनर्विचार मात्र' भन्ने तर्क प्रस्तुत गर्न सक्छन् । तर, संवैधानिक दृष्टिले प्रश्न अभिप्रायको होइन, अधिकारको हो । संविधानले अधिकार नदिएको कार्यलाई कुनै पनि नामले वैध बनाउन सकिँदैन । पुनर्विचार भन्ने शब्दले संवैधानिक सीमालाई विस्तार गर्न सक्दैन ।

पुनः सिफारिसको संवैधानिक स्थिति : मन्त्रिपरिषद्ले सोही अध्यादेश पुनः सिफारिस गर्छ भने राष्ट्रपतिको भूमिका के हुन्छ ? संविधानले स्पष्ट प्रक्रिया नदिए पनि यसको मर्म स्पष्ट छ, मन्त्रिपरिषद्ले त्यस्तो अध्यादेश पुनः सिफारिस गरेमा राष्ट्रपतिले कुनै कारण वा बहाना नबनाई तुरून्तै जारी गर्नुपर्ने संवैधानिक दायित्व रहेको छ । राष्ट्रपतिले कार्यकारी निर्णयलाई अवरूद्ध वा अवरोध गर्न सक्दैनन् । अन्यथा, शासन संवैधानिक प्रणाली नै निष्क्रिय र निष्प्रभावी हुन पुग्छ ।

संविधानको संरक्षण : धारा ६१ मा राष्ट्रपतिले संविधानको पालन र संरक्षण गर्नु निजको कर्तव्य हुनेछ भनी व्यवस्था गरिएको छ । यसको अर्थ राष्ट्रपति आफैँले संविधानको पालना गर्नु र अरूको हस्तक्षेपबाट संविधानको संरक्षण गर्नु भन्ने हो । तसर्थ, सक्रिय र कार्यकारीका रूपमा राष्ट्रपतिले हस्तक्षेप गर्न पाउनुपर्छ भन्ने होइन । संरक्षणको वास्तविक अर्थ भनेको संविधानको सीमाभित्र रहनु, संस्थागत प्रक्रियालाई अवरूद्ध नगर्नु र शक्ति सन्तुलन कायम राख्नु भन्ने बुझ्नुपर्छ । संविधानको रक्षा वा संरक्षण यसको संरचना भत्काएर होइन, यसको सीमाभित्र रहेर गरिनुपर्छ ।

निष्कर्ष : अन्ततः यो विवादलाई एउटा सामान्य प्रकृतिका रूपमा नहेरी संसदीय प्रणालीको संरचनात्मक आत्माको परीक्षणका रूपमा हेरिनुपर्छ । संविधानको व्यवस्थाअनुसार कार्यकारी अधिकार केवल मन्त्रिपरिषद्मा निहित छ । अध्यादेश जारी गर्न सिफारिस गर्ने वा जारी भएको अध्यादेश फिर्ता लिने आदि प्रक्रियागत अधिकार कार्यकारी संरचनाको एक हिस्सा हो । राष्ट्रपतिको भूमिका विधेयक प्रमाणीकरण र अध्यादेश जारी गर्ने औपचारिकतासम्म सीमित रहनु संवैधानिक सन्तुलनको अनिवार्य सर्त हो । यस सीमाबाहिर गई अभ्यास विस्तार गर्ने खोजियो भने यसले राज्यका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबिचको शक्ति सन्तुलन र शक्ति पृथकीकरणको भावना र मर्ममा चोट पुगी संवैधानिक संरचना नै क्रमशः अस्थिर र अस्पष्ट बन्न सक्छ । तसर्थ, अध्यादेश रोक्ने वा फिर्ता गर्ने अधिकार राष्ट्रपतिमा निहित छैन, मन्त्रिपरिषद्मा मात्र छ । यो संविधानले तोकेको कार्यकारी प्रक्रियाको बाध्यकारी हिस्सा मात्र हो, जसको अभ्यास सरकारको जिम्मेवारी र संसद् को मूल्यांकनको दायराभित्र पर्छ । – *नयाँ पत्रिका*

# नेपालमा कस्तो विकास ?

भोजराज पौडेल

आदर्श राजनीति, समृद्ध अर्थतन्त्र र सभ्य समाजको निर्माणमा खटिएको छु भन्ने दाबीमाथि कसले प्रश्न गर्ने ? त्यसमा लागेको व्यक्तिको नियतमाथि प्रश्न गर्ने नैतिक बल आजको नेपाली समाजमा कोसँग बाँकी होला ? विधि निर्माण गर्ने, त्यसको कार्यान्वयन गराउने र त्यो न्यायपूर्ण छ कि छैन भनेर निरूपण गर्ने सबै सर्वाधिकार एउटै ठाउँमा केन्द्रित भएमा त्यसलाई कसले रोक्ने ? शंका लागेको खण्डमा दाबी र नियतमाथि प्रश्न गर्नका लागि चाहिने आत्मबल एउटा सचेत नागरिकमा हुन्छ । तर त्यो एउटा नागरिकले सर्वाधिकार सम्पन्न राज्यको बललाई रोक्न सक्दैन । त्यसका लागि नागरिक समाज चाहिन्छ । नागरिक समाज नैतिकतामा अडिएको हुन्छ । आजको नेपालको दुर्भाग्य हो– त्यस्तो नागरिक समाज नै छैन । त्यसकारण यहाँ एक्लो नागरिक र उसको परिवारको उठिबास चलेको छ ।

धेरै देशले आर्थिक विकास गरेर समुन्नति हासिल गरेका छन् । यो कुनै अलौकिक काम होइन भन्ने विश्व इतिहासले प्रमाणित गरेको छ । आम नागरिकको प्रत्यक्ष सहभागितामा, छलफलद्वारा, विधिपूर्ण तरिकाले हासिल भएका उपलब्धि मात्र दिगो हुन्छन् । यो स्थापित तथ्य हो । सत्य के हो भने समाज लामो ऐतिहासिक पृष्ठभूमिमा निर्माण भएका हुन्छन् । त्यहाँका अन्तर्निहित वास्तविकताको अध्ययनबिना नै भत्काउन थालियो भने कता पुगेर टुंगिने हो भन्ने स्वयं भत्काउनेलाई पनि थाहा हुँदैन । यसकारण राजनीति, अर्थतन्त्र र समाजमा सधैं सन्तुलन र अध्ययनको जरूरी हुन्छ । त्यसका लागि सार्वजनिक संस्थाहरूको आवश्यकता हुन्छ । आजको नेपालमा त्यस्ता सार्वजनिक संस्था छैनन्, जसमा दलीय धूलो नलागेको होस् ।

यस्तो रिक्तताको भुमरीमा फसेर धेरै मुलुकहरु प्रायः असफल भएका हुन्छन् । त्यसकारण राज्य स्वयंको दायित्व हुन जान्छ कि मुलुक त्यस्तो रिक्ततामा फसेर असफल नहोस् । त्यसका लागि राज्यले बोल्ने ठाउँ दिन्छ । सुन्ने प्रयत्न गर्छ । सार्वजनिक संस्था निर्माण गर्न अग्रणी भूमिका खेल्छ । नागरिकलाई सम्मान गर्छ । हाम्रो सन्दर्भमा आजसम्म नागरिकले जसलाई नेतृत्वमा पुऱ्याए उनीहरूले केवल रिक्तताको फाइदा उठाइरहे । त्यसको पृष्ठभूमिमा जेन-जी विद्रोह भयो र अहिले मुलुक नयाँ परिवेशमा अगाडि बढिरहेको छ । अहिलेको सरकारको दाबी र नियतमाथि प्रश्न गर्ने बेला भइसकेको छैन भन्ने मान्न नागरिक तयार छन् । तर रिक्ततालाई थप गहिरो बनाउँदै लैजाने र त्यसको दुरूपयोग हुने हो कि भन्ने डर भने पैदा भएको छ ।

मुलुकलाई विकासको बाटोमा हिँडाउने काम नारा होइन, संस्थागत यात्राको निरन्तरता हो । जब प्रश्न गर्ने नागरिकलाई शत्रु ठानिँदैन, राज्यले आफ्नो शक्ति जनताबाट आएको स्वीकार्छ र सार्वजनिक हितको नाममा विधि मिच्ने संस्कारको अन्त्य हुन्छ ।सरकारले अघिल्लो साता सार्वजनिक गरेको मुलुकको आर्थिक स्थितिपत्रले दिएको सन्देश के हो भने पछिल्लो एक दशकमा मुलुकमा उल्लेख्य प्रगति भएको छ । त्यस अर्थमा जेनतेन विकास त त्यसै पनि हुँदो रहेछ । केही महिनापछि मुलुक अति कम विकसित मुलुकको सूचीबाट बाहिर निस्केर विकासशील हुने बाटोमा छ । यस सन्दर्भमा हामीले गर्न खोजेको के हो भन्नेमा नै सरकारको अस्पष्टता देखिन्छ । यदि त्यही ठाउँमा उही पात्र खालि आफूले 'टीका लगाएपछि' चोखिन्छन् भन्ने सोच हो भने त्यसले मुलुकलाई कालान्तरमा कहीं पुऱ्याउँदैन ।

यहाँ 'प्रगति भएको छ कि छैन' भन्ने बहस गर्न खोजिएको होइन । 'प्रगतिको अर्थ के हो ?' भन्ने स्पष्टताको खोजी हो । देशमा सडक बनेका छन्, प्रविधि फैलिएको छ, बजारको आकार बढेको छ, सेवाको पहुँच केही विस्तार भएको छ । तर नागरिकको दैनिक अनुभव, उसको राज्यसँगको सम्बन्ध, न्यायप्रतिको भरोसा, भविष्यप्रतिको आशा र अवसरप्रतिको विश्वास कुन तहमा छ भन्ने प्रश्नले ती उपलब्धिलाई हेर्नुपर्छ । विकासको कथा बाहिरबाट देखिन्छ । समुन्नतिको कथा भने भित्रबाट महसुस हुन्छ । बाहिरको दृश्य झलमल्ल तर भित्रको अनुभूति धुम्म छ भने, त्यहाँ आधारभूत विषय नै कतै चुकेको हुन्छ । त्यो हो संस्थागत चरित्र । नागरिकका मौलिक हक र अधिकारमाथि सम्झौता गरेर हासिल हुने आर्थिक प्रगति पनि नेपाली समाजले खोजेको होइन ।

संस्थागत चरित्र भनेको नियमको शासन, प्रक्रियाप्रति सम्मान र उत्तरदायित्वको संस्कार हो । राज्यसँग अधिकार मात्र होइन दायित्व पनि हुन्छ भन्ने मान्यता संस्थागत चरित्र हो । नागरिकले आफ्नो भागको कर, श्रम र विश्वास दिएर राज्य बनाएको हुन्छ । त्यसैले राज्यले सेवा, सुरक्षा र न्याय दिनुपर्छ । तर जब संस्थाहरु व्यक्तिको इच्छाको वरिपरि घुम्न थाल्छन्, नियमभन्दा सम्बन्ध बलियो हुन्छ र सार्वजनिक निर्णयको कारण अस्पष्ट हुन्छ, तब राज्य नागरिकको साझेदारभन्दा 'शक्ति' जस्तो देखिन थाल्छ । समाज राज्यसँग संवाद गरेर, प्रश्न गरेर र सुधारको दिशा देखाएर बलियो हुने हो । संवादको ठाउँ खुम्चिएपछि समाज ध्रुवीकृत हुन्छ । एकथरी मौन हुन्छन्, अर्काथरी आक्रोशमा उत्रिन्छन् । मौनता र आक्रोश दुवै लोकतन्त्रका लागि घातक हुन्छन् । लोकतन्त्रलाई चाहिने विवेकपूर्ण सक्रियता हो ।

विवेकपूर्ण सक्रियता किन खस्किएको छ भन्ने बुझ्न आजको सामाजिक मनोविज्ञान हेर्नुपर्छ । धेरै परिवारको प्राथमिकता अहिले सार्वजनिक बहस होइन, निजी बचाउ बनेको छ । रोजगारीको अनिश्चितता, शिक्षा र स्वास्थ्यको बढ्दो खर्च, महँगी, सहरको भाडा, कृषि उत्पादनको कठिनाइ र राज्यसँग ठोक्किनुपर्दा आउने झन्झटले नागरिकलाई 'पहिले गाँस-बास, पछि देश' भन्नेमा धकेलेका छन् । यो नागरिकको स्वार्थीपन मात्र होइन । प्रणाली असफल भएपछिको स्वाभाविक प्रतिक्रिया हो । जब मानिसले प्रणालीबाट सुरक्षा पाउँदैन, ऊ आफ्नै घेरामा सीमित हुन्छ । यो सीमितताले सामूहिक सुधारको ऊर्जा घट्छ । नीति निर्माणमा जनचासो कम हुन्छ र सार्वजनिक स्रोतमा कब्जा जमाउने समूहहरूलाई मैदान खाली हुन्छ ।

यो रिक्तता केवल संस्थाको अभाव होइन । यो विश्वासको अभाव हो । विश्वासको अभावको प्रत्यक्ष प्रभाव अर्थतन्त्रमा पर्छ । अर्थतन्त्रको इन्जिन केवल पैसा र परियोजना होइन । भरोसा, स्थिरता र नियमन हो । उद्यमीले लगानी गर्दा, किसानले उत्पादन गर्दा भोलि लुटिँदैन भन्ने विश्वास चाहन्छ । श्रमिकले सीप सिक्दा काम पाइन्छ भन्ने आशा र विद्यार्थीले पढ्दा योग्यताले अवसर खोल्छ भन्ने विश्वासको अनुभूति चाहिन्छ । यी भरोसा छैनन् भने देशमा योजना त बन्न सक्छन् तर रूपान्तरण हुँदैन । रूपान्तरण नहुँदा समृद्धि आयातित हुन्छ । सामान किनियो, भवन ठडियो, उपभोग बढ्यो । सिर्जना र उत्पादन बढ्दैन । उत्पादन नबढेपछि रोजगारी बढ्दैन, रोजगारी नबढेपछि पलायन रोकिँदैन, पलायन नरोकिने भएपछि समाजमा 'स्थायी अस्थिरता' हुन्छ ।

पलायनलाई आर्थिक घटना मान्दा आधा मात्र सत्य देखिन्छ । पलायन वास्तवमा सामाजिक र संस्थागत संकेत हो । मानिसले आफ्नो भविष्यको सुरक्षा राज्यसँग होइन, बाहिरको अवसरसँग जोड्न थालेको संकेत । यस्तो संकेतले राज्यलाई एकैचोटि दुई चुनौती दिन्छ । एकातर्फ देशभित्र श्रमशक्ति र सीप विकासको निरन्तरता कमजोर हुन्छ । अर्कातर्फ बाहिरबाट आउने आम्दानीमा परनिर्भरता बढ्छ । त्यसैले राज्यले 'विकास' को कथा सुनाउँदा नागरिकले सोध्ने एउटा सामान्य प्रश्न हुन्छ– यो विकासले मेरो छोराछोरीलाई यहाँ बस्ने कारण र वातावरण दिन्छ कि दिँदैन ? यदि उत्तर अस्पष्ट छ भने उपलब्धि अपूरा छन् ।

यो अपूरोपनलाई बुझ्न राज्य र समाजबीचको सम्बन्ध पुनः परिभाषित गर्नुपर्छ । समाज राज्यको शत्रु होइन । राज्यलाई सही दिशा देखाउने र बाटोमा हिँडाउने सामाजिक विवेक हो । राज्यले नागरिक समाजलाई शंकाको नजरले हेर्ने बानी छाड्नुपर्छ । नागरिक समाजले पनि केवल विरोधमै आफ्नो पहिचान सीमित गर्नु हुँदैन । नागरिक समाजको काम शासनलाई सुधार्न मद्दत गर्नु हो । सूचना मागेर, प्रक्रियामा पारदर्शिता खोजेर, पीडितको आवाज उठाएर र राम्रो कामलाई सार्वजनिक रूपमा मान्यता दिएर । जब राज्यले 'सुन्ने' अभ्यास गर्छ तब राज्य बलियो हुन्छ । किनकि उसले समयमै गल्ती सुधार्न सक्छ । नसुन्ने राज्य बाहिरबाट कठोर देखिए पनि भित्रबाट कमजोर हुन्छ । किनकि गल्ती जमेर संकट बन्छ ।

सुन्ने र प्रश्न गर्ने संस्कारलाई मजबुत बनाउन सार्वजनिक संस्थाको पुनर्जीवन आवश्यक छ । संस्थाहरु नागरिकमुखी बन्नुपर्छ । यसको अर्थ संस्थाले राजनीतिक निर्णयसँग सम्बन्ध नहुने होइन । यसको अर्थ संस्थाको कार्यक्षेत्रमा नियम, प्रमाण र प्रक्रिया निर्णायक हुनु हो । अदालतबाट न्याय सुनिश्चित हुनुपर्छ । प्रशासनमा सेवा पारदर्शी हुनुपर्छ । नियमनमा कडाइ र सबैलाई समान हुनुपर्छ । नागरिकको सम्मान आर्जन गर्नका लागि राज्यले सबैलाई समान रूपमा व्यवहार गर्नुपर्छ । जब राज्यले असमान व्यवहार गर्छ, तब नागरिक 'कसरी बच्ने' भन्नेतर्फ लाग्छ । त्यसैले सुधारको पहिलो काम राज्यका अंगहरूलाई नागरिकसँग पुनः जोड्ने हो । प्रक्रियामार्फत, सेवामार्फत र जवाफदेहितामार्फत ।

अर्थतन्त्र पनि यहीं जोडिन्छ । मुलुक अब नयाँ चरणमा प्रवेश गर्दै छ । विकासशीलताको बाटो, अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको मैदान र बाह्य सहुलियतहरु घट्ने यथार्थ । यस्तो मोडमा 'हामी प्रगति गर्दै छौं' भन्ने वाक्य पर्याप्त हुँदैन । 'हामी के बन्न खोज्दै छौं' भन्ने स्पष्टता चाहिन्छ । उत्पादनमा आधारित अर्थतन्त्र बन्ने कि उपभोगको चक्र चलाइरहने हो ? युवा सीपलाई देशभित्र अवसरसँग जोड्ने कि वैदेशिक रोजगारी नै उपाय हो ? कर प्रणाली र सार्वजनिक खर्च पारदर्शी बनाएर नयाँ बाटो अँगाल्ने कि पुरानै ढाँचामा सीमित औपचारिक क्षेत्रमाथि भार थपेर चलाउने ? दिशा तय गर्ने यी आधारभूत प्रश्न हुन् ।

दिशा तय गर्न चाहिने राजनीतिक इमान र प्रशासनिक अनुशासनबिना 'समृद्धि' नारा बन्छ । समृद्धि भनेको केवल सहर सुन्दर र यहाँ कारोबार बढ्नु मात्र होइन । गाउँमा कृषि उत्पादन बढ्नु, बजारमा प्रतिस्पर्धा बढ्नु, रोजगारीमा स्थायित्व आउनु, सीपको मूल्य बढ्नु र असमानता घट्नु हो । यसको आधार शिक्षा प्रणाली हो । यसका लागि प्रमाणपत्र केन्द्रीत शिक्षा प्रणलीलाई श्रम बजार र उद्यमसँग जोड्न जरूरी छ । यसरी शिक्षा र रोजगारीबीच तादात्म्यता नहुँदा युवामा निराशा छ । त्यसैले शिक्षा सुधारलाई पनि संस्थागत सुधारकै हिस्सा मान्नुपर्छ । सीप, चरित्र र नागरिक सचेतनासँग जोडिएको शिक्षा । नागरिक सचेतनाबिना नागरिक समाज नैतिक आधारमा उभिँदैन । नागरिक समाजबिना राज्यको शक्ति सन्तुलित हुँदैन ।

सन्तुलनको अर्को पाटो आर्थिक नैतिकता हो । आर्थिक नैतिकता भनेको पैसा कमाउने अधिकारसँगै नियम मान्ने दायित्व स्विकार्नु हो । तर नियम मान्ने दायित्व तब मात्र बलियो हुन्छ, जब नागरिकले नियमलाई निष्पक्ष ठान्छ । यदि नियमलाई कमजोरमाथि कडा र बलियामाथि लचिलो ठानियो भने, नियम मान्ने प्रेरणा कमजोर हुन्छ । त्यसपछि कर छल्ने, अनौपचारिक कारोबार बढाउने र सार्वजनिक सम्पत्तिलाई निजी लाभको साधन बनाउने प्रवृत्ति सामान्यीकृत हुन्छ । विगतमा यही विषयको सामान्यीकरणले अर्थतन्त्रलाई मात्र होइन, समाजको नैतिक आधारलाई पनि क्षयीकृत गऱ्यो । अनि यही क्षयीकरणका कारण आज यहाँसम्म आइपुग्दा समाजको 'प्रश्न गर्ने नैतिक बल' कमजोर भएको छ । प्रश्न गर्ने नैतिक बल कमजोर हुँदा आज राज्यले गर्न सक्ने सम्भावित गल्तीबारे बोल्ने कोही छैन ।

आत्मविश्वासी राज्य प्रश्नबाट डराउँदैन । प्रश्नलाई दिशा देखाउने संकेत मान्छ । प्रश्नलाई खतरा ठान्ने राज्यको धरातल कमजोर हुन्छ । प्रश्नविहीनतालाई उपलब्धि ठान्छ । तर प्रश्नविहीनता उपलब्धि होइन । चेतावनी हो । किनकि प्रश्नविहीनताले समस्यालाई समाधान गर्दैन । बरू समस्यालाई भित्रभित्रै बढाउँछ । भित्रभित्रै बढेको समस्या एक दिन विस्फोट हुन्छ । आर्थिक संकटका रूपमा, सामाजिक द्वन्द्वका रूपमा वा राजनीतिक विस्फोटका रूपमा । त्यसैले प्रश्नलाई दबाउने होइन, संस्थागत संवादमा रूपान्तरण गर्ने क्षमता विकास गर्नु राज्य र समाज दुवैको हितमा छ । नेपालजस्तो विविध समाजमा संवादको महत्त्व झन् ठूलो हुन्छ । विविधता हाम्रो शक्ति हो । न्याय र अवसर समान नभए विविधता विभाजनमा बदलिन सक्छ । त्यसैले सभ्य समाज भनेको सभ्य बहसको समाज हो । जहाँ फरक मत शत्रु होइन, चेतावनीका रूपमा बुझिन्छ । आलोचना अपमान होइन, सुधारको औजार हो । जुन समाजका असहमति शालीन हुन्छ, त्यहाँ दीर्घकालीन नीतिमा टिकेको प्रणाली हुन्छ । किनकि नीति बन्ने क्रममै समाज सहभागी हुन्छ ।

यस्तो मोडमा 'हामी प्रगति गर्दै छौं' भन्ने वाक्य पर्याप्त हुँदैन । 'हामी के बन्न खोज्दै छौं' भन्ने स्पष्टता चाहिन्छ । उत्पादनमा आधारित अर्थतन्त्र बन्ने कि उपभोगको चक्र चलाइरहने हो ? युवा सीपलाई देशभित्र अवसरसँग जोड्ने कि वैदेशिक रोजगारी नै उपाय हो ? कर प्रणाली र सार्वजनिक खर्च पारदर्शी बनाएर नयाँ बाटो अँगाल्ने कि पुरानै ढाँचामा सीमित औपचारिक क्षेत्रमाथि भार थपेर चलाउने ?सुरूमा उठाइएको प्रश्न- दाबी र नियतमाथि प्रश्न गर्ने नैतिक बल कहाँबाट आउँछ ? त्यो बल कुनै एक 'महान्' व्यक्तिबाट आउने होइन । त्यो बल समाजको संरचनाबाट आउँछ । सक्रिय नागरिक समाज, जिम्मेवार पत्रकारिता, इमानदार सार्वजनिक संस्था, स्वतन्त्र अदालत, प्रक्रियामुखी प्रशासन र लोकतान्त्रिक राजनीतिक दल भएको समाजमा नैतिक बल स्वतः सिर्जित हुन्छ । त्यसैले हाम्रो बहस व्यक्तिको असल-खराबमा मात्र सीमित हुनु हुँदैन । प्रणाली निर्माणको काममा लाग्नुपर्छ । व्यक्तिहरु बदलिँदै जान्छन्, तर प्रणालीले देशको गति तय गर्छ । यदि प्रणाली बलियो बन्यो भने गलत पात्र टिकिरहन कठिन हुन्छ । यदि प्रणाली कमजोर रह्यो भने राम्रो पात्र पनि असहाय हुन्छ ।

मुलुकलाई विकासको बाटोमा हिँडाउने काम नारा होइन, संस्थागत यात्राको निरन्तरता हो । जब प्रश्न गर्ने नागरिकलाई शत्रु ठानिँदैन, राज्यले आफ्नो शक्ति जनताबाट आएको स्वीकार्छ र सार्वजनिक हितको नाममा विधि मिच्ने संस्कारको अन्त्य हुन्छ । तब विकास 'दृश्य' मात्र होइन, 'अनुभूति' बन्छ । अनि मात्र आदर्श राजनीति, समृद्ध अर्थतन्त्र र सभ्य समाज भन्ने सपना सम्भावना बन्न सक्छ ।

यहाँनेर 'आदर्श राज्य' को बहस जरूरी छ । किनकि आदर्श राज्यको अवधारणा आकर्षक भए पनि तिनले व्यावहारिक राजनीति र मानव स्वभावको सीमालाई ध्यानमा राखेका हुँदैनन् । इतिहासका दुई चर्चित आदर्श-समाजका कल्पना सम्झनलायक छन्– प्लेटोको 'रिपब्लिक'मा वर्णित क्यालिपोलिस र थोमस मोरको युटोपिया । आदर्श समाज निर्माण सम्भव नहुन सक्छ वा सम्भव भए पनि त्यसको मूल्य असह्य हुन सक्छ भन्ने चेतावनी मोरले दिएका छन् ।

प्लेटोको आदर्शको केन्द्रबिन्दु न्यायको परिभाषा हो । मोरको युटोपिया १६औं शताब्दीको बेलायतप्रतिको कटाक्ष हो । अन्यायपूर्ण दण्ड व्यवस्था, आय असमानता र शासक वर्गको लोभमाथि प्रहार हो । प्लेटोको क्यालिपोलिसमा मानव स्वभावलाई 'एकै ढाँचामा' राख्न खोज्दा व्यक्तिगत स्वतन्त्रता र विविधता दबिन्छ र 'सही' को परिभाषा शासकको हातमा अत्यधिक केन्द्रित हुन्छ भन्ने तर्क छ । क्यालिपोलिसमा आदर्शका लागि हिंसा स्विकारेझैं हाम्रोमा विकासका लागि विधि मिचियो भने अन्ततः त्यही नै व्यवस्था बन्छ । जब विधि मिचिन्छ, तब न समता बाँच्छ, न त स्वतन्त्रता । उदाहरणका लागि ज्याकोविन समूहको पतनपछि फ्रान्समा स्थिरता ल्याउने नाममा नेपोलियनको अधिनायकवाद उत्पन्न भयो । युटोपियन गणतन्त्रको 'शुद्ध' सपना संस्थागत परिपक्वता, नियम र शक्ति सीमांकनबिना अघि बढ्दा, दमन र प्रत्याघातको चक्रमा फस्यो ।

यो उदाहरणले हाम्रो सन्दर्भमा एउटा महत्त्वपूर्ण पाठ दिन्छ । हामीले सुधार, समृद्धि र सभ्यता चाहेका छौं । त्यो चाहनालाई 'एकै झट्कामा सबै ठीक' गर्ने युटोपियन नारामा बदल्यौं भने प्रश्न, बहस र संस्थागत नियन्त्रण कमजोर हुन्छ । जसका कारण सुधारका नाममा अर्को रिक्तता जन्मिन सक्छ । त्यसैले प्रश्न गर्ने संस्कृति र संस्थागत जवाफदेहिता नै वास्तविक विकासका आधार हुन् । - *कान्तिपुर*



# महासंघमा अञ्जनको नेतृत्व



काठमाडौं । निजी क्षेत्रको सबैभन्दा ठुलो छाता संगठन नेपालका उद्योग वाणिज्य महासंघको अध्यक्षमा उद्योगी अञ्जन श्रेष्ठ चयन भएका छन् । महासंघको बुधबार सम्पन्न ६०औं साधारणसभा एवं अधिवेशनबाट व्यावसायिक घराना लक्ष्मी ग्रुपका कार्यकारी निर्देशक श्रेष्ठ निजी क्षेत्रको नेतृत्वमा पुगेका हुन् ।

चैत ०७९ मा सम्पन्न महासंघको चुनावबाट उनी निर्विरोध वरिष्ठ उपाध्यक्षमा चयन भएका थिए । यसअघिको महासंघको विधानमा वरिष्ठ उपाध्यक्ष अर्को कार्यकालमा स्वतः अध्यक्ष हुने व्यवस्था थियो । सोहीअनुसार श्रेष्ठ वरिष्ठ उपाध्यक्षबाट स्वतः अध्यक्ष बनेका हुन् । महासंघका २१औं अध्यक्ष बनेका श्रेष्ठको कार्यकाल तीन वर्षको हुनेछ ।

अध्यक्ष श्रेष्ठलाई निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले निर्वाचनस्थल प्रज्ञा भवनमा पद तथा गोपनीयताको शपथग्रहण गराएका छन् । उनले महासंघको सचिवालय टेकुमा बिहीबार पदभार ग्रहण गर्ने कार्यक्रम रहेको छ ।

महासंघ नेतृत्वमा पुगेका अध्यक्ष श्रेष्ठले आफ्ना मुख्य सात प्राथमिकता भएको बताए । उनले खस्किएको व्यावसायिक मनोबल उकास्ने, बजारमा माग बढाएर अर्थतन्त्रलाई चलायमान बनाउने, अनुकूल व्यावसायिक वातावरण निर्माणका लागि पैरवी गर्ने, पूर्वाधार विकासमा निजी क्षेत्रको सहभागिता बढाउने तथा पुँजीगत खर्चका लागि सरकारको स्रोत तथा सामर्थ्य विकासमा सरकारलाई सघाउने, साना तथा मझौला उद्यम व्यवसायको प्रवर्द्धन तथा विस्तार गर्ने, बैंक तथा वित्तीय क्षेत्रमा थुप्रिएको स्रोत परिचालनको आधार बनाउने र निजी क्षेत्रको हक अधिकारका लागि पैरवी गर्ने आफ्ना प्राथमिकता रहेको उनले बताए ।

'सरकारको सल्लाहकार र साझेदार भएर देशको अर्थतन्त्र विकासका काममा लाग्ने छौं,' उनले भने, 'निजी क्षेत्रलाई एकढिक्का बनाएर निजी क्षेत्रको हक अधिकारका लागि पैरवी गर्नेछौं ।' अब निजी क्षेत्रले नेतृत्व गर्ने निजी-सार्वजनिक साझेदारी (पिपिपि)को अवधारणा अघि बढाउने उनले बताए ।

निवर्तमान अध्यक्ष ढकालले बुधबार नै श्रेष्ठलाई पद हस्तान्तरण गरेको बताए । 'निजी क्षेत्रको संघीय प्रतिनिधिमूलक संस्थाको अध्यक्षको हैसियतले बुधबारदेखि आफ्नो जिम्मेवारी अञ्जन श्रेष्ठज्यूलाई औपचारिक रूपमा हस्तान्तरण गरेको छु । उहाँको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछु,' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

महासंघको वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्ष भने निर्वाचित कार्यसमितिले चयन गर्नेछ । वरिष्ठ उपाध्यक्षमा निवर्तमान उपाध्यक्षद्वय हेमराज ढकाल र सुरकृष्ण वैद्य आकांक्षी देखिएका छन् । निर्वाचन मतपरिणामले वैद्यनिकट बढी विजयी भएको देखिएको छ ।

महासंघको एसोसिएटतर्फको उपाध्यक्षमा उद्यमी प्रवलजंग पाण्डे निर्वाचित भए । लोमस ग्रुपका पाण्डेले ज्योत्सना श्रेष्ठ सुब्बालाई तीन सय २९ मतान्तरले पराजित गरे । उपाध्यक्षमा विजयी पाण्डेले एक हजार ७९ मत ल्याउँदा पराजित श्रेष्ठले सात सय ५० मत मात्रै ल्याइन् ।

एसोसिएटतर्फको सदस्यतर्फ सबैभन्दा बढी एक हजार तीन सय १८ मत ल्याएर आइएमई ग्रुपका सचिन ढकाल निर्वाचित भएका छन् । एसोसिएटतर्फ निर्वाचित अन्य सदस्यमा अम्बिकाप्रसाद पौडेल, ईश्वरबहादुर जिसी, उज्ज्वलकुमार श्रेष्ठ, ऋषि अग्रवाल, कृष्णलाल महर्जन, दिवस न्यौपाने, प्रियराज रेग्मी, बटु लामिछाने, बाबुकाजी कार्की, राजेशकुमार अग्रवाल, रामशरण भण्डारी, शक्तिकुमार बेगानी, सुयस प्याकुरेल, सुरज उप्रेती, कार्की (राजु), लिलेन्द्रप्रसाद प्रधान, संघर्ष विष्ट, सागर ढकाल र होमप्रसाद घिमिरे रहेका छन् ।

वस्तुगत सदस्यतर्फको प्रतिस्पर्धामा सुरज बन्जाडे, विप्लव अधिकारी, रघुनन्द मारू र नीराजनबहादुर चलाउनेले समान ५०-५० मत ल्याए । उनीहरूको गोलाप्रथाबाट आधा-आधा कार्यकाल चलाउनेछन् । वस्तुगततर्फ महिला सदस्यमा सुनिता न्हेम्हाफुकी निर्वाचित भइन् । त्यस्तै, वस्तुगत महासंघतर्फ विश्वनाथ खनाल र सुनैना घिमिरे निर्वाचित भइन् ।

महासंघको जिल्ला नगर उपाध्यक्षमा कृष्णप्रसाद शर्मा र दिलसुन्दर श्रेष्ठ निर्वाचित भए । विजयी शर्माले ८७ मत र श्रेष्ठले ८० मत ल्याए । पराजित भएका उमेश डालमियाले ५७ मत र कल्पना गैरेले ३४ मत ल्याइन् । महासंघमा यस कार्यकालदेखि दुईजना जिल्ला नगर उपाध्यक्ष रहने व्यवस्था गरिएको छ ।

जिल्ला नगरतर्फको खुला सदस्यहरूमा अर्जुनकुमार श्रेष्ठ, उज्ज्वलप्रसाद कसजू, केशवप्रसाद भण्डारी, कृष्ण कटुवाल, सुशील थापा र हेमन्त गोल्छा रहेका छन् । एसोसिएटतर्फको महिला सदस्यमा अभिज्ञा मल्ल र जुना माथेमा निर्वाचित भए । एसोसिएटतर्फकै द्विराष्ट्रिय उद्योग वाणिज्य संघमा मनोज पौडेल र संस्थापक सदस्यमा गोपाल श्रेष्ठ र सुमन कुमार श्रेष्ठ निर्वाचित भए ।

महासंघको वस्तुगततर्फको उपाध्यक्षमा नरेशलाल श्रेष्ठ निर्वाचित भएका छन् । नेपाल निर्यात परिषद्बाट प्रतिनिधित्व गरेका श्रेष्ठले नेपाल एलपी ग्यास उद्योग संघबाट प्रतिनिधित्व गरेका शिवप्रसाद घिमिरेलाई तीन मतले पराजित गरे । विजयी श्रेष्ठले ६३ मत ल्याउँदा घिमिरेले ६० मत मात्रै ल्याए ।

वस्तुगततर्फको १३ सदस्यका लागि २६ जना उम्मेदवार रहेका थिए । सदस्यमा सबैभन्दा बढी ७० मत ल्याएर अरनिको राजभण्डारी निर्वाचित भए । वस्तुगततर्फ निर्वाचित हुने अन्य सदस्यहरूमा नानीराज घिमिरे, पशुपतिदेव पाण्डे, विदुर धमला, भक्तबहादुर हमाल, रविन पुरी, राजकुमार गोकुल श्रेष्ठ, छत्रधर आत्रेय, ताराबहादुर कार्की, दीपक नेपाल, प्रयास कार्की, मोहनप्रसाद श्रेष्ठ, लक्ष्मणराज पौडेल, शंकर गिरी, सन्तोष खड्का, सुदर्शन कार्की र हरिप्रसाद अर्याल विजयी भएका छन् ।

जिल्लानगरतर्फ महिला सदस्यमा गीता अमात्य र हिरा भट्टराई निर्वाचित भएका छन् । त्यस्तै, जिल्ला नगरकै प्रदेश सदस्यतर्फबाट कोशीमा जीवन पराजुली र रमेश विश्वकर्मा, मधेशमा अमरनाथ शाह र विकासकुमार सारडा, बागमतीमा प्रकाश मानन्धर र सविन श्रेष्ठ, गण्डकीमा पवीन्द्रकुमार श्रेष्ठ र सुविन श्रेष्ठ तथा लुम्बिनीमा यज्ञप्रसाद भट्टराई र बालकृष्ण सुवेदी निर्वाचित भएका छन् ।

कर्णालीमा भने पदमबहादुर शाही र पुरीचन्द्र देवकोटा निर्विरोध निर्वाचित भए । त्यस्तै, सुदूरपश्चिममा पीताम्बर जोशी निर्वाचित हुँदा दानबहादुर सुर्मेली र पदमराज चौलागाईंले समान मत पाए । उनीहरूले आधा-आधा कार्यकाल चलाउनेछन् ।




खेलकुद

## आइसिसी वरीयतामा दीपेन्द्र र सन्दीपको छलाङ






नेपाली राष्ट्रिय एकदिवसीय क्रिकेट टोलीका उपकप्तान दीपेन्द्रसिंह ऐरी र लेग स्पिनर सन्दीप लामिछानेले आइसिसी वरीयतामा छलाङ मारेका छन् । दीपेन्द्रसिंहले एकदिवसीय अलराउन्डर वरीयतामा एकैपटक १२औं स्थान सुधार गरेका छन् । १४८ रेटिङ अंकक साथ उनी ३१औं स्थानमा उक्लिएका छन् । उनीभन्दा अगाडि भारतका हार्दिक पान्ड्या छन् । न्युजिल्यान्डका ग्लेन फिलिप्स दीपेन्द्रसिंहभन्दा एक स्थान तल छन् ।

यसैगरी, सन्दीप आइसिसी एकदिवसीय बलिङ वरीयतामा एकैपटक १५ स्थानमाथि पुगेका छन् । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले मे महिनाका लागि सार्वजनिक गरेको तीनवटै फर्म्याटका वरीयता सार्वजनिक गरेको हो । नयाँ वरीयताअनुसार सन्दीप ४३औं स्थानमा रहे । एकदिवसीय बलिङमा नेपालबाट उच्च स्थान प्राप्त गर्ने उनी मात्र एक्ला खेलाडी हुन् । सन्दीपले एकदिवसीय अलराउन्डर वरीयतामा सात स्थान सुधार गरेका छन् । उनी अहिले ७१औं स्थानमा छन् । नेपालका करण केसी भने यस विधामा १० स्थान पछि परेका छन् । उनी एकैपटक ८१ बाट ९१औं स्थानमा सीमित भए । यस विधामा ललित नारायण राजवंशीले तीन स्थान गुमाए ।

त्रिवि मैदानमा मंगलबार मात्रै सकिएको नेपाल, युएई र ओमानबिचको त्रिकोणात्मक आइसिसी विश्वकप क्रिकेट लिग २ मा सन्दीपले चारैवटा खेलमा विकेट लिएका थिए ।

आइसिसीले टी-२०आई अलराउन्डर वरीयतामा दीपेन्द्रसिंहको स्थान परिवर्तन भएको छैन । उनी अहिले २४५ रेटिङका साथ चौथो स्थानमै छन् । शीर्ष स्थानमा जिम्बावेका सिकन्दर राजा छन् । उनले ३२८ रेटिङ अंक जोडेका छन् । दीपेन्द्रभन्दा अगाडि पाकिस्तानका सैम आयुब तथा भारतको हार्दिक पाण्ड्या छन् । यस विधामा नेपालका ओपनर तथा स्पिनर कुसल भुर्तेल पनि २३औं स्थानमा रहे । उनले १४९ अंक जोडेका छन् । युएईविरूद्धको सिरिजमा गुमाएका रोहित पौडेल अलराउन्डर वरीयताको ४५औं स्थानमा छन् । क्यानले एकदिवसीय र टी-२० फर्म्याटका फरक कप्तान चयन गर्दा पौडेलले टी-२० टोलीको कप्तानी गुमाएका थिए । यद्यपि, उनकै कप्तानमा नेपालले ब्याक टु ब्याक आइसिसी टी-२० विश्वकप क्रिकेट खेलेको थियो । टी-२० अलराउन्डरमा गुल्सन झा ७५औं स्थानमा छन् ।

## महिला क्रिकेट टोलीमा तीन खेलाडी परिवर्तन

नेपाल क्रिकेट संघ (क्यान)ले एसियन खेलकुद छनोट तथा एसिसी महिला प्रिमियर कपको राष्ट्रिय महिला टोली घोषणा गरेको छ । दुई महत्वपूर्ण प्रतियोगिताका लागि क्यानले इन्दु बर्माको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गर्दा तीन खेलाडी बाहिरिएका छन् । टोलीमा तीन सिनियर खेलाडीले स्थान बनाउन सफल भएका छन् । दुईवटै अन्तर्राष्ट्रिय प्रतियोगिता मलेसियामै हुनेछन् ।

२३ देखि ३१ मेसम्म एसियन खेलकुदको छनोट हुनेछ । त्यसपछि १ देखि १३ जुनसम्म एसिसी प्रिमियर कप हुने क्यानले जनाएको छ । यी दुईवटै प्रतियोगिताका लागि अनुभवी सीता रानामगरसँगै सोनी पाखिन र सिमाना केसीले पुनरागमन गरेका छन् । यसपटक रचना चौधरी, रोमा थापा र सुमन विष्टले स्थान बनाउन सकेनन् । क्यानले पूजा महतोलाई उपकप्तानको जिम्मेवारी निरन्तरता दिएको छ । एसियन तथा एसिसी प्रिमियर कपका लागि बिन्दु रावल, सम्झना खड्का, रूबि पोद्दार, कविता कुँवर, कविता जोशी, रिया शर्मा, अनु कडायत, मनीषा उपाध्याय र रुबिना क्षेत्रीले स्थान पक्का गरेका छन् ।

भारतीय प्रशिक्षक हर्षल जयन्त पाठकले रूवान्डामा खेलाडीको प्रदर्शनअनुसार खेलाडी छनोट गरेका हुन् । रूवान्डामा यसै साता भएको आइसिसी महिला च्यालेन्ज कप टी-२० प्रतियोगितामा नेपाल उपविजेता बनेको थियो । नेपालले प्रतियोगितामा दोस्रो स्थान पक्का गर्दा १० अंक जोडेको थियो । नेपालले केवल अमेरिकालाई मात्र हराउन सकेन । यसबाहेक नेपालले आयोजक रूवान्डा, इटाली र भानुआटुलाई हराउन सफल भयो । सोनी लामो समयपछि टोलीमा पुनरागमन गर्न लागेकी हुन् । राइजिङ स्टार्स महिला एसिया कपमा प्रदर्शन गरेकी सीताले आइसिसी च्यालेन्ज कपमा खेलिनन् । यद्यपि, उनी टोलीमा थिइन् । क्यानले सावित्री धामी, सोमु बिस्ट, सना प्रवीण र लक्ष्मी साउदलाई वैकल्पिक खेलाडीका रूपमा समावेश गरेको छ ।

रूवान्डामा भएको च्यालेन्ज कपमा नेपालका दुई बलर सर्वाधिक विकेट लिने सूचीमा परेका थिए । कविता कुँवरले आठ खेलमा सर्वाधिक १५ विकेट लिएकी थिइन् । उनले एक खेलमा ह्याट्रिकसहित ६ विकेट हात पारेकी थिइन् । सो प्रतियोगितामा उनको इकोनोमी ७ रनरेट रहेको थियो । नेपाललाई उपविजेता बनाउन बलिङमा राम्रो प्रदर्शन गरेकी मनीषाले आठ खेलमा १२ विकेट हात पारेकी थिइन् । आठ खेलमा उनले ८.१६ औसतमा बलिङ गरिन् । प्रतियोगितामा कविता र रूबिना क्षेत्री उत्कृष्ट बलिङ स्पेल गरेका थिए । कविताले ३.९९ र रूबिनाले ४.०६ को इकोनोमीमा बलिङ गरेको आइसिसीले जनाएको छ । नेपालकी ओपनर सम्झना खड्का च्यालेन्ज कपमा उत्कृष्ट स्ट्राइक रेटमा रन बनाउने सूचीको तेस्रो स्थानमा रहिन् । उनले आठ खेलमा एक नटआउट रहँदै १६१ रन बनाइन् । उनले यसक्रममा एक अर्धशतकीय इनिङ्स खेलेकी थिइन् । यसैगरी, कप्तान इन्दुले आठ खेलमा १०६ को स्ट्राइकमा ब्याटिङ गर्दै ११८ रन जोडिन् । च्यालेन्ज कपमा धेरै रन बनाउने सूचीमा सम्झना तेस्रो स्थानमा रहिन् । कप्तान बर्मा भने नवौं स्थानमा रहिन् ।

## कर्पोरेट

### ● नेपाल बैंक र राष्ट्रिय बिमा कम्पनीबिच कर्जा कारोबार सम्झौता

नेपाल बैंक लिमिटेड र राष्ट्रिय बिमा कम्पनी लिमिटेडबिच कर्जा कारोबार गर्ने-गराउनेबारे सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका तर्फबाट रिटेल कर्जा प्रमुख अर्जुनबहादुर कँडेल र राष्ट्रिय बिमा कम्पनीका तर्फबाट मुख्य व्यवस्थापक डा. सिर्जना पन्तले हस्ताक्षर गरेकी छिन् । सम्झौताअनुसार बिमा कम्पनीमा कार्यरत स्थायी कर्मचारीले नेपाल बैंकको काठमाडौं शाखाबाट १५ लाख रूपैयाँसम्म विनाधितो कर्जा पाउनेछन् । यसबाट बिमा कम्पनीका कर्मचारीले एकै थलोबाट वित्तीय आवश्यक्ता पूर्ति गर्न सक्ने, समय बचत हुने तथा दुवै पक्षबिच संस्थागत सहकार्य थप सुदृढ हुने अपेक्षा गरिएको छ । देशभरमा यस बैंकका २३१ शाखा, २४६ एटिएमका साथै ६१ एक्सटेन्सन काउन्टर सञ्चालनमा छन् ।

बैंकले हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैकिङ प्रविधिमार्फत बैकिङ सेवा दिइरहेको जनाइएको छ । बैंकले छिटो-छरितो र गुणस्तरीय ग्राहक सेवामा जोड दिई युवा जनशक्तिमार्फत नेपालभर बैकिङ सेवा प्रदान गरिरहेको छ ।

### ● नबिल बैंकको केन्द्रीय कार्यालयमा नर्सिङ रुम

नबिल बैंक लिमिटेडले तीनधारास्थित केन्द्रीय कार्यालयमा नबिल नर्सिङ रूमको सुरुवात गरेको छ । बिहीबार आयोजित उद्घाटन कार्यक्रममा बैंकका अध्यक्ष निर्वाण चौधरी तथा प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीको उपस्थितिमा सञ्चालक समितिका सदस्य सरिता भट्ट अधिकारीद्वारा उद्घाटन गरिएको थियो । उक्त कार्यक्रममा बैंकका सञ्चालक समिति सदस्यहरु अन्नत पौड्याल, प्रवीण टिबडेवाला र अनिलकेशरी शाह, नायब प्रमुख कार्यकारी अधिकृतद्वय आदर्श बजगाईं र भूपेन्द्र पाण्डेका साथै अन्य उच्चपदस्थ कर्मचारीहरूको उपस्थिति थियो ।

बैंकमा कार्यरत कर्मचारी आमाहरूलाई स्तनपान गराउन सहज बनाउने उद्देश्यले नर्सिङ रूमको स्थापना गरेको बैंकले जनाएको छ । नर्सिङ रूमले कर्मचारीहरूलाई कार्यालय समयमा मर्यादित, आरामदायी र सुरक्षित रूपमा स्तनपान गराउने वातावरण बनाउने बैंकले विश्वास लिएको छ ।

### ● सानिमा रिलायन्स लाइफद्वारा बाढीपीडितलाई राहत वितरण

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडले कालिकोट जिल्लामा क्षति पुगेको घरपरिवार र आगलागीपीडितका लागि कम्बल वितरण गरेको छ । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ४३ घरपरिवारमा कम्बल वितरण गरेको हो ।

गत वर्ष १८ देखि २४ गतेसम्म परेको अविरल वर्षाले कालिकोटमन शुभकालिका गाउँपालिका ७ र ८, महावै गाउँपालिका ५ र ६, खाँडाचक्र नगरपालिका १ र ५, तिलागुफा नगरपापालिका ७ र १० का घरपरिवारमा क्षति पुगेको थियो । त्यसैगरी, तिलागुफा नगरपालिका ५ र ६, खाँडाचक्र नगरपालिका १० मा आगलागी भएको थियो । यी सबै गरी ४३ घर परिवारका लागि राहत वितरण गरिएको बताइएको छ । कम्पनीका सुर्खेत शाखा प्रमुख विश्वराज बोगटीले उक्त राहत हस्तान्तरण गरेका हुन् । पीडितहरूले कम्पनीले गरेको सहयोगप्रति धन्यवाद दिए । कम्पनीले आगामी दिनमा पनि शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, वित्तीय साक्षरता र विपत् व्यवस्थापनजस्ता क्षेत्रमा योगदान पुर्‍याउने जनाएको छ । हाल कम्पनीले देशभर १६९ शाखा सञ्जालमार्फत सेवा प्रदान गर्दै आएको छ । कम्पनीको पुँजी पाँच अर्ब रूपैयाँभन्दा बढी छ भने २० अर्ब रूपैयाँभन्दा बढी लगानी छ । कम्पनीले डिजिटल सेवा विस्तार, दाबी प्रक्रिया सहजता, ग्राहक सम्पर्क प्रणाली सुदृढीकरण तथा दीर्घकालीन विश्वास निर्माणमार्फत अग्रणी र भरोसायोग्य जीवन बिमा कम्पनीका रूपमा स्थापित गर्दै आएको बताएको छ ।

### ● एनआइसी एसियाद्वारा विद्यालयलाई खानेपानी ट्यांकी र पम्प प्रदान

एनआइसी एसिया बैंकले कैलालीस्थित श्री सरस्वती माध्यमिक विद्यालयलाई फिल्टरसहितको खानेपानी ट्यांकी र पम्प उपलब्ध गराएको छ । बैंकले गोदावरी- ५ स्थित उक्त विद्यालयका विद्यार्थीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यसहित सो सहयोग गरेको हो । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यो सहयोग गरिएको बैंकले जनाएको छ । एक कार्यक्रमबिच बैंकका सर्कल हेड धनगढीका दीपक विष्टले विद्यालयका प्रधानाध्यापक योगेन्द्रराज ओझालाई सहयोग हस्तान्तरण गरे । यो सहयोगले विद्यार्थीको स्वास्थ्य र शैक्षिक वातावरणमा समेत सहयोग पुग्ने बैंकले विश्वास लिएको जनाएको छ ।

### ● कामना सेवाले दियो विद्यालयलाई शैक्षिक सामग्री सहयोग

कामना सेवा विकास बैंक लिमिटेडले विद्यार्थीलाई स्टेसनरी तथा शैक्षिक सामग्री वितरण गरेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शाखा कार्यालय नवलपरासी (सुस्तापूर्व) सर्दीमार्फत स्थानीय जनकल्याण आधारभूत विद्यालयका विपन्न विद्यार्थीलाई उक्त सहयोग गरेको हो । बैंकको नारायणगढ क्षेत्र प्रमुख सुरेन्द्र भण्डारीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दलबहादुर सिन्जालीलाई सहयोग सामग्री हस्तान्तरण गरेका हुन् । विद्यालयमा नर्सरीदेखि कक्षा आठसम्म अध्ययनरत १३८ जना विद्यार्थीलाई विभिन्न प्रकारका शैक्षिक सामग्री वितरण गरिएको थियो ।

सहयोग हस्तान्तरण गर्दै अध्यक्ष सिन्जालीले बैंकले गरेको सहयोगप्रति आभार प्रकट गर्दै यो सहयोगले विद्यार्थीको सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाउन सहयोग पुग्ने सिन्जालीले बताए । यस्ता कार्यक्रमले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको मनोबल बढाउनुका साथै शिक्षा क्षेत्रमा सकारात्मक प्रभाव पार्ने उनले धारणा राखे ।

क्षेत्रप्रमुख भण्डारीले विद्यार्थीको पठनपाठनमा थप सहजता र प्रेरणा ल्याओस् भन्ने उद्देश्यले शैक्षिक सामग्री वितरण गरिएको बताए । उक्त कार्यक्रममा बैंकका कर्मचारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रध्यानाध्यापक, शिक्षक तथा विद्यार्थीको उपस्थिति थियो ।

### ● नौ महिनामा आइएमई लाइफको पौने ३७ करोड नाफा

आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले चालू आवको तेस्रो त्रैमास अर्थात् चैत मसान्तसम्म ३६ करोड ७९ लाख रूपैयाँ नाफा कमाएको छ । कम्पनीले गत आवको सोही अवधिमा भने ३६ करोड ६३ लाख नाफा कमाएको थियो । यस्तै, कम्पनीको कुल आम्दानी चार अर्ब ८२ करोड ९४ लाखबाट बढेर ६ अर्ब १७ करोड ८५ लाख कायम भएको छ ।

यस अवधिमा कम्पनीको बिमाशुल्क ३९.१८ प्रतिशतले बढेको छ । गत आवको चैत मसान्तसम्म तीन अर्ब ६० करोड ३५ लाख खुद बिमाशुल्क आर्जन गरेको कम्पनीले यस अवधिमा पाँच अर्ब एक करोड ५१ लाख आर्जन गरेको वित्तीय विवरणमा उल्लेख छ । कुल खर्च भने चार अर्ब ४६ करोड ३१ लाखबाट ३० प्रतिशतले बढेर पाँच अर्ब ८१ करोड पुगेको कम्पनीले जनाएको छ । कम्पनीको चुक्ता पुँजी पाँच अर्ब छ । समीक्षा अवधिमा प्रतिसेयर आम्दानी ९.८१ र प्रतिसेयर नेटवर्थ १३१.४९ रूपैयाँ छ ।

### ● सामसङको 'रेमिटमा बेनिफिट' अभियान सुरू

सामसङ नेपालले 'रेमिटमा बेनिफिट' अभियान सुरू गरेको छ । यसमार्फत कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपाली परिवारलाई सशक्त बनाउने घोषणा गरेको छ । यो अभियान वैदेशिक रोजगारीमा रहेका नेपाली कामदार र उनीहरूको परिवारलाई सम्मान गर्दै रेमिट्यान्सलाई जीवनस्तर सुधारको अवसरमा रूपान्तरण गर्ने उद्देश्यले ल्याइएको बताइएको छ । सामसङले यस अभियानमार्फत रेमिट्यान्समा आधारित नेपाली परिवारलाई प्रिमियम प्रविधिको पहुँच अझ सहज बनाउन विशेष अफर पनि ल्याएको छ । जसअन्तर्गत स्मार्टफोन, सामसङ टिभी, रेफ्रिजेरेटर र वासिङ मेसिनमा अधिकतम ६ प्रतिशतसम्म क्यासब्याक पाइनेछ । त्यसैगरी, एनसेल रिचार्जमा अधिकतम १८० जिबी बोनस डेटा, २४ महिनासम्मको किस्ताबन्दी सुविधा पनि उपलब्ध हुने बताइएको छ । यी सुविधाले परिवारको मासिक किस्ताभारलाई घटाउँदै सामसङका प्रिमियम र गुणस्तरीय उत्पादनको पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको कम्पनीको भनाइ छ ।

'रेमिट्यान्स केवल आर्थिक सहयोग मात्र होइन, यो विदेशमा काम गर्ने लाखौं नेपालीको आशा र आकांक्षाको प्रतिबिम्ब हो,' सामसङ नेपालका एमएक्स बिजनेसका वरिष्ठ निर्देशक प्रणयरत्न स्थापितले भने, हामी उनीहरूको योगदानलाई सम्मान गर्दै उनीहरूका परिवारका लागि नवप्रवर्तनात्मक प्रविधिलाई अझ पहुँचयोग्य बनाउन चाहन्छौं ।' अफर विशेषगरी आइएम रेमिटमार्फत रेमिट्यान्स कारोबार गर्ने रेमिटर र उनीहरूका आश्रितमा लागू हुनेछ ।

### ● जुम्लामा मेटलाइफको सेवा सुरु

मेटलाइफ नेपालले जुम्लामा औपचारिक रूपमा सेवा विस्तार गरेको छ । यो सेवा नेपालको दुर्गम तथा सेवा अभाव भएका क्षेत्रमा वित्तीय सुरक्षा र बिमा सेवाको पहुँच विस्तार गर्ने कम्पनीको प्रतिबद्धताको एक हिस्सा रहेको बताइएको छ ।

कम्पनीका अनुसार स्थापना गरिएको कार्यालयले व्यक्तिगत ग्राहक सेवा प्रदान गर्ने, वित्तीय साक्षरता अभिवृद्धि गर्ने तथा स्थानीयस्तरमै रोजगारी अवसर सिर्जना गर्ने लक्ष्य राखेको छ । 'जुम्लाका बासिन्दाले सामना गर्ने विभिन्न चुनौती, पूर्वाधार तथा वित्तीय सेवाको दूरीलाई ध्यानमा राखेर मेटलाइफले एजेन्सी कार्यालय स्थापना गरेको हो,' कम्पनीले विज्ञप्तिमार्फत भनेको छ । यो पहलले स्थानीयलाई आर्थिक रूपमा सुरक्षित भविष्य निर्माणका लागि सहयोग पुर्‍याउन व्यावहारिक उपकरण र मार्गदर्शन प्रदान गर्ने लक्ष्य राखेको पनि बताइएको छ ।

जुम्लाका समुदायलाई थप सहयोग पुर्‍याउने उद्देश्यले मेटलाइफ नेपालले सूर्य सामाजिक सेवा समाजसँग सहकार्य गर्दै चन्दननाथ ऊच्च माध्यमिक विद्यालय र जनता माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड हस्तान्तरण गरेको छ । यो सहयोगले विद्यार्थीलाई आकर्षक र अन्तर्क्रियात्मक सिकाइ वातावरण प्रदान गर्ने बताइएको छ । साथै, शिक्षकलाई आधुनिक कक्षाकोठा प्रविधिसँग सुसज्जित बनाउन महत्वपूर्ण योगदान पुर्‍याएको कम्पनीको भनाइ छ ।

मेटलाइफ नेपालका महाप्रबन्धक निर्मलकाजी श्रेष्ठले भने, 'मेटलाइफको जुम्ला एजेन्सी कार्यालय सञ्चालनले देशका सबैभन्दा दुर्गम समुदायसम्म पनि वित्तीय सुरक्षा पुर्‍याउने कम्पनीको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्छ ।' उनले बिमामा पहुँच विस्तारका साथै युवाहरूमा आर्थिक रूपमा सुरक्षित भविष्य निर्माण गर्न पनि कम्पनी केन्द्रित रहेको बताए ।

### ● अभिकर्ताका लागि नेसनल लाइफको क्रुज सफारी कार्यक्रम

नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले मनोरञ्जनात्मक नारायणी क्रुज सफारी कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित आफ्ना अभिकर्तालाई दुई रात तीन दिनको कार्यक्रम चितवनको सौराहमा सम्पन्न गरेको हो ।

'संस्कृति, सौहार्द र सयरको संगम' नारासहित गत फागुन र चैत महिनामा सञ्चालन गरेको मासिक योजनाअन्तर्गत लक्ष्य पूरा गर्न सफल अभिकर्तालाई मनोरञ्जन दिने गरी कार्यक्रम सम्पन्न गरिएको जनाएको छ । कार्यक्रममा कम्पनीका एजेन्सी विभाग प्रमुख तथा विभिन्न शाखाका शाखा प्रमुखसहित देशैभरिबाट उत्कृष्ट व्यवसाय गरी योजनामा छनोट हुन सफल तीन सय ५४ जना वरिष्ठ अभिकर्ताको सहभागिता थियो । कार्यक्रममा इन्द्रेणी ग्रुपका सञ्चालक एवं चर्चित कलाकारले लोकदोहोरी तथा नृत्य प्रस्तुत गरेका थिए । सहभागी अभिकर्ताले क्रुजमा यात्रा गर्ने अवसर प्रदान गरेकोमा कम्पनीप्रति आभार व्यक्त गरेका थिए । यसप्रकारका कार्यक्रमबाट मनोरञ्जनका साथै आफ्नो वृत्ति विकासमा समेत योगदान पुर्‍याउने विश्वास उनीहरूको थियो ।

### ● समृद्धिको अनलाइन धितो रोक्का-फुकुवा सेवा सुरु

समृद्धि फाइनान्सले अनलाइन प्रणालीमार्फत धितोबन्धक रोक्का-फुकुवा सेवा सुरू गरेको छ । यो सेवा सुरु गर्नेसम्बन्धी सम्झौतामा भूमि व्यवस्थापन तथा अभिलेख विभागसँग समझदारी भएको छ । सम्झदारीपत्रमा फाइनान्सका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार घिमिरे र विभागका तर्फबाट महानिर्देशक शिवप्रसाद रेग्मीले हस्ताक्षर गरेका छन् ।

सम्झौतापश्चात् धितो बन्धकको रोक्का तथा फुकुवासम्बन्धी सम्पूर्ण कार्य अनलाइनमार्फत संस्थाले नै गर्नेछ । यो सुविधा फाइनान्सको केन्द्रीय कार्यालयसहित देशभरका सम्पूर्ण शाखा कार्यालयबाट समेत गर्न सकिने बताइएको छ । यससँगै फाइनान्सका ग्राहकले कर्जा उपभोग गर्दा छिटो-छरितो तथा सहज रूपमा सेवा प्राप्त गर्न सक्नेछन् ।

डिजिटल वित्तीय सेवा विस्तार गर्दै नयाँ प्रविधिमार्फत सेवा प्रदान गर्ने लक्ष्य लिएको संस्थाले जनाएको छ ।

### ● बुढानीलकण्ठमा यामाहाको नयाँ सोरुम सञ्चालनमा

यामाहा नेपालले बुढानीलकण्ठस्थित इटालीटार, गणेश चोकमा थिएस सोरुम 'ह्विलिस ग्यालोर प्रालि' सञ्चालनमा ल्याएको छ । उक्त सोरूमको उद्घाटन बागमती प्रदेशका यातायातमन्त्री जयराम थापाले गरेका हुन् । कार्यक्रममा बुढानीलकण्ठ नगरपालिकाका मेयर मिठाराम अधिकारी, उपमेयर अनिता लामा, तथा एमएडब्लू राइड्स प्रालिका कार्यकारी निर्देशक तथा सिइओ दीपककुमार अग्रवाललगायतको उपस्थिति थियो ।

नयाँ सोरूममा बिक्री, सेवा र स्पेयर पार्ट्स् एउटै छानामुनि उपलब्ध हुनेछन् । यो सेवाले बुढानीलकण्ठ तथा आसपासका राइडरलाई आवश्यक सबै सेवा एउटै स्थानमा सहज रूपमा प्राप्त गर्न सहयोग गर्ने कम्पनीले जनाएको छ । दक्ष जनशक्ति र आधुनिक पूर्वाधारसहित स्थापना गरिएको ह्विलिस ग्यालोरले ग्राहकलाई सहज र भरपर्दो सेवा प्रदान गर्ने लक्ष्य राखेको बताएको छ । बुढानीलकण्ठ सोरूमले काठमाडौं उपत्यकामा यामाहा नेपालको विस्तार हुँदै गएको उपस्थितिलाई थप मजबुत बनाउँदै लगेको कम्पनीको भनाइ छ । यसले स्थानीय राइडरलाई यामाहाका सम्पूर्ण मोटरसाइकल तथा स्कुटर लाइनअप, जेन्युइन स्पेयर पार्ट्स् र व्यावसायिक सेवामा सहज पहुँच प्रदान गर्नेछ । एमएडब्लू राइड्सअन्तर्गत सञ्चालन भइरहेको यामाहा नेपालले गुणस्तर, विश्वसनीयता र ग्राहक सन्तुष्टिलाई प्राथमिकता दिँदै आफ्नो सञ्जाल विस्तार गरिरहेको छ ।

### ● नमः बुद्ध हाइड्रोपावरमा लुम्बिनी विकास बैंकले लगानी गर्ने

पाल्पाको तिनाउँ गाउँपालिकास्थित तिनाउँ खोलामा हाइड्रोपावर निर्माण गरिने भएको छ । भिजन लुम्बिनी लिमिटेडद्वारा प्रवर्द्धित ३.४४ मेगावाटको नमः बुद्ध हाइड्रोपावर निर्माणको प्रक्रिया अगाडि बढेको हो । आयोजनाको लागत अनुमान ७० करोड रहेको छ । आयोजनामा लुम्बिनी विकास बैंकले करिब ३२ करोड रुपैयाँ ऋण लगानी गर्नेछ ।

भिजन लुम्बिनीका अध्यक्ष जगतहादुर पोखरेलले आयोजना १५ महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको बताएका छन् । भिजन लुम्बिनीका अध्यक्ष पोखरेलले सामूहिक लगानी, समृद्धिको आधार भएकाले तिनाउमा जलविद्युत् आयोजना निर्माण अघि बढेको बताए ।हाइड्रोपावर परियोजनाको प्राविधिक पक्ष, वातावरणीय तथा पर्यावरणीय पक्षको काम सकिएको छ । भिजनले कास्कीमा २५ मेगावाटको जलविद्युत् आयोजना निर्माण गरी सञ्चालनमा ल्याइसकेको छ । कम्पनीले अहिले १० वटाभन्दा पनि धेरै प्रोजेक्टमा लगानी गरी काम गरिरहेको छ । लिमिटेडका बोर्ड सदस्य राजीव गौतमले थप हाइड्रोपावर निर्माण गर्न काम अघि बढाउने प्रक्रियामा रहेको बताए । भिजनले अहिले देशका विभिन्न ठाउँमा हाइड्रो, हस्पिटालिटी र आइटी क्षेत्रमा लगानी गरिरहेको छ ।

### ● चौधरी ग्रुप र अस्ट्रेलियाको सगुन ग्रुपबिच सम्झौता

लामो समयदेखि अस्ट्रेलियामा नेपाली स्वादका उत्पादनको बजार व्यवस्थापन गर्दै आएको अस्ट्रेलियाको सगुन ग्रुप र नेपालको चौधरी ग्रुपबिच सम्झौता भएको छ । पाँच वर्षका लागि गरिएको यो सम्झौताअनुरूप अब चौधरी ग्रुप (सिजी)बाट उत्पादित वस्तुहरूको अस्ट्रेलियाका लागि सगुन ग्रुप सोलो वितरक र बजार व्यवस्थापक बनेको छ ।

सम्झौतामा उल्लेख भएअनुरूप अबबाट चौधरी ग्रुपका उत्पादनहरूको सगुन ग्रुपले अस्ट्रेलियामा कानुनी र आधिकारिक रूपमा बजार व्यवस्थापन गर्न पाउने भएको छ । अस्ट्रेलियामा विशेषतः वाइवाइ चाउचाउलगायतका सिजीका अन्य उत्पादनहरु बढी मात्रामा खपत हुने गरेको छ । सगुन ग्रुपसँगको सम्झौताले अस्ट्रेलियामा चौधरी ग्रुपका उत्पादनहरूले झनै फैलने र विस्तार हुने अवसर पाउने धारणा चौधरी ग्रुपका ग्लोबल एक्सपोर्ट हेड जीवन शर्मा आचार्यले बताए । यसैबिच अस्ट्रेलियामा रहने प्रवासी नेपालीहरूमाझ चौधरी ग्रुपका उत्पादनहरु सहज तरिकाले पुर्‍याउन आफ्नो संस्थाले पुलको काम गर्न पाएकोमा सगुन ग्रुपका प्रमुख भूषण कक्षपतीले प्रसन्नता व्यक्त गरे । कक्षपतीले चौधरी ग्रुपले आफ्नो संस्थामाथि गरेको विश्वासको आफ्नो संस्था सधैँ कदर गरेर अगाडि बढ्ने प्रतिबद्धता जनाए ।

## संवैधानिक...

व्यवस्था अध्यादेशको दफा ६ को उपदफा (५) को स्पष्टीकरण खण्डको (ग) मा छ ।

अध्यक्ष र ५ जना सदस्य गरि परिषद्को पूर्ण ६ जना उपस्थित हुँदा यो संख्या विजोर नभई जोर भएकाले कुनै प्रस्ताव उपर निर्णय गर्दा मत वराबरी अर्थात तीन/तीनको संख्या भएको खण्डमा परिषद्को अध्यक्षले सहमति जनाएको पक्षमा बहुमत भएको मानेर निर्णय गर्ने व्यवस्था अध्यादेशमा गरिएको छ । गणपुरक संख्याको आधारमा संवैधानिक परिषद्को बसेको बैठकमा सर्वसम्मत हुन नसकेको खण्डमा बहुमतबाट निर्णय गर्न सक्ने व्यवस्था गरिएको छ ।

संवैधानिक निकायका प्रमुख र पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा ६ सदस्यीय संवैधानिक परिषद् सर्वोच्च निकाय हो । परिषद्को निर्णयलाई संसदका दुवै सदनका सदस्यहरु रहने संसदीय सुनुवाई समितिमा पठाइनेछ । संवैधानिक परिषदले गरेको नियुक्तिको सिफारिसलाई संसदीय सुनुवाई समितिमा पठाइएपनि सत्ताधारी दल रास्वपाकै बहुमत रहेकाले सरकारले चाहेका व्यक्तिबाहेक अन्य व्यक्ति परिषद्ले सिफारिस गरेपनि संसदीय सुनुवाई समितिले अनुमोदन गर्न सक्ने सम्भावना न्यून रहेको छ ।

संवैधानिक परिषदले संवैधानिक निकायका प्रमुख र पदाधिकारी सहित राजदूत विभिन्न आयोगका प्रमुख र सदस्यहरुको नाम सिफारिस गर्नुपर्ने हुन्छ । सर्वोच्च अदालतका प्रधानन्यायाधिश र न्यायाधिसहरु, निर्वाचन आयोगका प्रमुख आयुक्त र आयुक्तहरु अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तहरु लगायत राष्ट्रिय मानवअधिकार आयोग लगायत अन्य संवैधानिक लगायत अन्य संवैधानिक आयोगका प्रमुख र सदस्यहरुको नाम संवैधानिक परिषद्ले सिफारिस गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । रास्वपा नेतृत्वको बालेन सरकारले आह्वान गरी सकेको संसदको अधिवेशन स्थगित गरेर विभिन्न अध्यादेश ल्याएको र उसले संवैधानिक परिषद् का सदस्य रहेका राष्ट्रिय सभाका अध्यक्ष र प्रतिनिधिसभामा विपक्षी दलका नेतालाई नामको मात्र राखेर अध्यक्ष सहित प्रधानन्यायाधिश, सभामुख र उपसभामुखको सहभागितामा परिषद् का बैठक राखेर आफू अनुकुल निर्णय गरी आफ्नो पार्टीका बफादार व्यक्तिलाई नियुक्ति गर्ने मनसाय राखेको संवैधानिक परिषद्को ऐन हेरफेरले प्रष्ट पारेको छ ।

## अध्यादेशमार्फत...

संशोधन गर्न दुवै सदनको दुई तिहाई मत अर्थात प्रतिनिधिसभाका जम्मा सदस्य २ सय ७५ र राष्ट्रिय सभामा ५९ को दुई तिहाई अर्थात २२४ सांसदले संविधान संशोधन गर्न सक्ने व्यवस्था रहेकोमा मन्त्रिपरिषद्ले गरेको निर्णयले संवैधानिक परिषद् प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने र सदस्यहरुमा प्रतिनिधिसभाका सभामुख प्रधानन्यायाधिश, राष्ट्रिय सभाका अध्यक्ष, उपसभामुख र प्रमुख प्रतिपक्षी दलका नेता रहने व्यवस्था रहेको छ । संवैधानिक परिषदको पूर्णता भनेको राज्यका तिनै अङ्का व्यक्तिहरु रहने र संवैधानिक परिषद्ले बहुमतले निर्णय गर्नुपर्ने व्यवस्थालाई हटाएर प्रधानमन्त्री, अध्यक्ष रहने व्यवस्थामा बहुमतले निर्णय गर्नुपर्नेमा प्रधानमन्त्री सहित तिनै जनाले समेत निर्णय गर्न सक्ने अध्यादेशमा उल्लेख गरिएका हुनाले प्रधानमन्त्री, सभामुख र अन्य एकले निर्णय गर्दा जम्मा ६ जना रहेको संवैधानिक परिषद्मा त्यो निर्णय कसरी बहुमतको निर्णय हुन्छ । संवैधानिक परिषद्ले अन्य संवैधानिक निकायहरुको प्रमुख र सदस्यहरुको नाम सिफारिस गरेपछि सो निर्णय दुवै सदनको प्रतिनिधित्व रहेको संसदीय सुनुवाई समितिमा पुगेर संसदीय सुनुवाई हुनुपर्ने व्यवस्था रहेको छ ।

अहिले सो समितिमा रास्वपाका बहुमत रहेकाले रास्वपाले नचाहेसम्म कसैको नाम सिफारिस हुन सक्दैन त्यसैले संवैधानिक परिषद् बाट आफ्ना मान्छेको नाम सिफारिस गरेर समितिबाट पारित गराउनका लागि संवैधानिक परिषद् गठन सम्बन्धी संविधानमा रहेको व्यवस्था नै हटाउन लागिएको जस्तो देखिन्छ । अहिले संवैधानिक परिषद्को अध्यक्ष प्रधानमन्त्री बालेन साह, सभामुख डोल प्रसाद अर्याल र रास्वपाले समर्थन गरेका उपसभामुख श्रम संस्कृति पार्टीकी रहेकाले रास्वपाले प्रधानन्यायाधिश, राष्ट्रिय सभाका अध्यक्ष र प्रमुख विपक्षीका नेतालाई वाइपास गरेर आफूखुसी निर्णय गर्नुका लागि अध्यादेश ल्याइएको भन्दै रास्वपाबाहेकका राजनीतिक दलहरुले त्यसको विरोध गरेका छन् ।

## जान्नेलाई...

लगायतका ९ बुँदेमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

विपक्षी दलहरूले विद्यार्थी संगठनहरु खारेज गर्ने र कर्मचारीहरुको ट्रेड युनियन समेत खारेज गर्ने सरकारको निर्णयको समेत विरोध जनाएका छन् । उनीहरुले सुकुम्बासीको उचित व्यवस्थापन गर्नुपर्ने माग समेत अघि सारेका भएपनि त्यसलाई बालेन सरकारले कुनै वास्ता गरेको छैन । रास्वपा नेतृत्वको बालेन सरकारले एकै पटक प्रायः सबै क्षेत्रमा प्रहार गरिरहेको हुनाले उसले विरोधको सामना गर्नु परेको छ । निजी क्षेत्रका सञ्चार माध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय, विद्यार्थीसंग संगठन खारेज गर्ने कर्मचारीहरुको ट्रेड युनियन खारेज गर्ने, सुकुम्बासी समस्या लगायत अन्य धेरै विषयमा एकै पटक हात हालेर उनीहरुमाथि प्रहार गरिरहेकाले गर्दा बालेन सरकार पनि विगतकै सरकारको जस्तो रवैया देखाउनैका लागि लागि परेको जस्तो देखिएको भएपनि भित्रि रूपमा बालेन सरकार विस्तारै सबै क्षेत्रमा आफ्नो प्रभाव जमाउन चाहन्छ भन्ने प्रमाणित हुँदै गएका छ ।

किनभने संसदमा समेत सरकारको पक्षमा झण्डै दुई तिहाईको मत रहनु र विपक्षी दलहरु कमजोर अवस्थामा संसदमा उपस्थित भएकाले र उनीहरु एकजुट हुन नसकेका हुनाले त्यसको फाइदा बालेन सरकारले उठाउन लागि परेको जस्तो देखिएको छ । निर्वाचनका बेला रास्वपाले जनतासामु गरेका कबोलहरु समेत अहिले सरकारको प्राथमिकतामा परेका छैनन् त्यसले भन्न सकिन्छ जान्नेलाई छान्ने भन्ने रास्वपापनि पुरानै बाटोमा ।

## रास्वपाको...

समानुपातिक उम्मेदवारको सूचीमा मोहना अन्सारी पनि परेकी थिइन् । उनी मुस्लिम महिला क्लस्टरको दोस्रो नम्बरमा थिइन् । रास्वपाको समानुपातिक बन्दसूचीमा नाम समावेश भएपछि उत्पन्न विवादका बीच सूचीमा रहेकी मोहना अन्सारीले सामाजिक सञ्जालमार्फत् आफ्नो जीवन संघर्ष, पृष्ठभूमि र राजनीतिक अवस्थाबारे विस्तृत धारणा सार्वजनिक गरेकी थिइन् ।

अन्सारीले आफू पछिल्ला ३२ वर्षदेखि निरन्तर सामाजिक न्याय, मानव अधिकार, लैङ्गिक समानता र कानुनी शासनको पक्षमा आवाज उठाउँदै आएको उल्लेख गरेकी छन् । त्यो समयमा उनले आफू कुनै पनि राजनीतिक दलको सदस्य नभएको, न त कसैको कार्यकर्ता नै रहेको स्पष्ट पार्दै विगतमा विभिन्न दलका समर्थक र मुखौटाधारी व्यक्तिहरुबाट निरन्तर आलोचना र गाली व्यहोर्नुपरेको बताएकी थिइन् ।

संवैधानिक आयोगमा करिब एक दशक काम गरेकी उनी पत्रकार, सामाजिक परिचालक, लैङ्गिक समतामूलक प्रशिक्षक तथा कानुन व्यवसायीको भूमिकामा उत्पीडित र आवाजविहीन समुदायको पक्षमा उभिएको देखिन्छिन् ।

उनले कांग्रेसको जिम्मेवारी स्वीकार गरेकी छन् । 'पहिले मेरो चाहनामा थिएन, अहिलेको जिम्मेवारी मेरो सहमतिमै आएको हो', उनले भनेकी छिन् ।

## अध्यादेशले...

सबै केही पनि भएन प्रधानमन्त्रीको बोली समेत फुटेन ? पछिल्लो समयमा प्रधानमन्त्री साह एक्लै हिड्न खोजिरहेको जस्तो देखिएको छ । आह्वान गरिसकेको संसदको अधिवेशनलाई एकाएक स्थगित गरेर अध्यादेश जारी गरिँदै आएको छ । अध्यादेशबाटै शासन चलाउने भए संसदको आवश्यकता नै किन ? संसद मार्फत जनताका समस्याहरु समाधान गर्ने पक्षमा प्रधानमन्त्री बालेन देखिएका छैनन् कुनै अध्यारो कोठामा बसेर त्यहीबाट शासन सञ्चालन गर्ने मनसाय बालेनमा देखिएको छ ।

नेपालको इतिहासमै एकै पटक १५०० भन्दा बढी पदाधिकारीहरुलाई पदमुक्त गरिएको छ । त्यो पनि अध्यादेशबाट । सुकुम्बासी समस्याको समाधान गर्न विगतका सरकारहरुले पटक पटक प्रयास गरेका थिए केही सुकुम्बासीहरुले जग्गा समेत पाएका थिए । अहिले बालेन सरकारले सुकुम्बासी बस्तीमा डोजर चलाएको छ ।

मुलुकभरमै सुकुम्बासी रहेकाले गर्दा अब सरकारले को सुकुम्बासी हुन् को होइनन् मानेर छुट्याउनुपर्नेमा त्यसो नगरी एक्कासी डोजर चलाउनुले आतंक नै मच्चिएको छ । सुकुम्बासीहरुलाई राख्ने ठाउँको व्यवस्था नै गरिएको छैन भन्ने स्कुलमा समेत डोजर चलाइएको छ । मानौँ सुकुम्बासीहरु अपराधी हुन् भन्ने हिसाबले पानी परिरहेको बेलामा समेत उनीहरुलाई उठिबास लगाउनु बालेन सरकारका महानता नै हो ?

## अध्ययन...

घरवारविहिन भएका छन् त्यसै क्रममा दुई जनाले पानीमा डुबेर आत्माहत्या गरेको बताइएको छ । कैयौं सुकुम्बासी अस्थायी शिविरमा अभाव, अव्यवस्थापन र अनिश्चितको पिडामा छटपटाई रहेका छन् । स्कुले केटाकेटीका विद्यालय भग्नावेश पारिदिएका छन् । पढाई छुटेको केटाकेटीमा मनोवैज्ञानिक त्रासदीमा परेका छन् । सुत्केरी, बृद्धबुद्धाको विल्लिवाठ पारिएको छ ।

नदि किनारका सुकुम्बासीहरुलाई पहिला नै बस्ने खाने व्यवस्था गरेर वस्ती उठाउनुपर्नेमा त्यस्तो गरेको देखिएन । पुनर्वासको तयारी विनै सुकुम्बासीको उठिबास लगाउने बालेन सरकारको जनतामाथिको कुरता नै हो । यो कस्तो ज्ञानको क्रान्ति हो ? सरकारले पहिला नै मुलुकमा कति सुकुम्बासी रहेका छन् । भनेर अध्ययन गरी त्यस्ता सुकुम्बासीलाई कहाँ कहाँ व्यवस्थापन गर्ने भनेर मात्र सुकुम्बासी वस्ती उठाउनुपर्नेमा पहिला वस्ती उठाउने अनि व्यवस्थापन गर्ने भन्नु नै गलत रहेको छ ।

नदि किनारका सुकुम्बासी वस्ती उठाउने भनेकोमा नदिको छेउछाउमा बनेका घरहरु जो घरधनीसँग लालपुर्जा समेत रहेका व्यक्तिको घरमा समेत डोजर चलाएर सरकारले राज्य आतंक नै मच्चाएको छ । बालेनको पार्टी रास्वपाले पछिल्लो समयमा आउँदो चैत्र मसान्तसम्ममा सुकुम्बासीहरुलाई व्यवस्थित गरि सक्न सरकारलाई निर्देशन दिएको सूचना जारी गरेको भएपनि त्यो समेत पूर्ण छैन । त्यसबेलासम्म ती सुकुम्बासीले के खाने त्यसको व्यवस्था राज्यले गर्नु पर्दैन र ?

## सुकुम्बासी...

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरीकै ७ सय ५३ वटै स्थानीय तहलाई परिपत्र जारी गर्दै जग्गा खाली गराउनु अघि सुकुम्बासीको व्यवस्थापनको काम सक्ने, निर्देशन दिएको थियो तर उक्त निर्देशनको पालना नहुँदै र सुकुम्बासीको व्यवस्था नहुँदै बस्तीमा डोजर चलाएर पानी परिरहेको बेला सुकुम्बासीहरुलाई आतंकित मात्र पारिएन उनीहरुलाई डर, त्रास र धम्की दिएर चुपचाप रहन बाध्य पारिएको सुकुम्बासीहरुले बताएका छन् ।

सरकारले पहिला सुकुम्बासी बस्तीमा बसेका व्यक्तिहरु को को सकुम्बासी हुन् र को को हुकुम्बासी हुन् भनेर छुट्याउनुपर्नेमा त्यसो गरेको देखिएन । लामो समयदेखि खोला किनारमा बस्दै आएका सुकुम्बासीहरुको समस्या समाधान गर्ने प्रयास हुनु स्वागतयोग्य भएपनि सुकुम्बासीले प्रयोग गरेको जग्गा संरक्षण गर्ने नाममा सुकुम्बासीमाथि गरेको व्यवहार र उनीहरुलाई हट्न बाध्य पार्ने कार्यको चौतर्फी विरोध भएको छ । सुकुम्बासीलाई कहाँ राख्ने कसरी राख्ने, खाने बस्ने व्यवस्था के हो भनेर पहिला नै व्यवस्थापन गर्नुपर्नेमा सरकार उल्टो बाटो हिँडेकाले त्यसको विरोध भएको हो ।

स्थानीय तहले जथाभावी अतिक्रमण हटाउनु अघि सम्बन्धित जिल्ला प्रशासन कार्यालयको समन्वयमा वास्तविक सुकुम्बासीको पहिचान गरी भूमिहीन भएको प्रष्ट भएपछि मात्र हटाउने प्रक्रिया सुरु गर्ने भनिएकोमा त्यस्तो कार्य भएको देखिएन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ लाई स्मरण गराउँदै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने मुख्य दायित्व नगरपालिका र गाउँपालिकाकै भएको उल्लेख गरेर पत्र पठाएको भएपनि मन्त्रालयले पठाएको पत्रअनुसार कार्य नभएको र सुकुम्बासीको व्यवस्थापन समेत नगरि जबरजस्ती रुपमा बस्ती हटाइएकोले गर्दा राजनीतिक दल लगायतका अन्य विभिन्न संघ सस्थाले सरकारको विरोध गरिरहेका छन् ।

# एकमुस्ट बजेट छुट्याइएका १३२ योजना कार्यान्वयनमै गएनन्



कैलाली । सुदूरपश्चिम सरकारले चालू आवको बजेटमा समावेश गरेका भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत एक सय ३२ वटा योजना कार्यान्वयनमा जान सकेका छैनन् । दुईभन्दा बढी योजनालाई एउटै क्लस्टरमा राखेर बजेट विनियोजन गरिएका सडक, पुल, कल्भर्टलगायत पूर्वाधार निर्माणका योजना कार्यान्वयन नभएको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।

यी योजनाका लागि ४१ करोड ७८ लाख रूपैयाँ बजेट विनियोजन गरिएको मन्त्रालयका प्रवक्ता सुबिक श्रेष्ठले जानकारी दिए । सरकारले नौवटासम्म योजनालाई एउटै क्लस्टरमा राखेर एकमुस्ट बजेट विनियोजन गरेको थियो । तर, कुन योजनालाई कति बजेट बाँडफाँट गर्ने भन्ने अन्योलताका कारण त्यस्ता योजनाको कार्यान्वयन रोकिएको प्रदेशमातहतको भौतिक पूर्वाधार कार्यालयले जनाएको छ ।

एउटै क्लस्टरमा राखिएका कारण कार्यान्वयनमा जान नसकेका योजनाको संख्या सबैभन्दा बढी कैलालीमा ७८ वटा छन् । पूर्वाधार विकास कार्यालय कैलालीका प्रमुख दीपक नेगीले सडक, पुल, कल्भर्टका नौवटासम्म योजना एउटै क्लस्टरमा राखेर ७८ योजनाका लागि साढे १० करोड बजेट रहेको उनको भनाइ छ ।

'नौवटासम्म योजनालाई एकमुस्ट बजेट पठाइएको छ, कुन योजनालाई कति बजेट बाँडफाँट गर्ने भनेर यकिन गर्न गाह्रो भयो,' नेगीले भने, 'बजेट पनि कम छ । दामासाही बाँडफाँट गर्दा पनि धेरैजसो योजनालाई लागतअनुसार बजेट पुग्दैन ।' डिपिआर नै नबनेका पुल र कल्भर्टका ३० वटा योजनामा बजेट आएको कार्यालयले जनाएको छ । 'चारवटा सडक र पाँचवटा पुल निर्माणका लागि भनेर एकमुस्ट एक करोड बजेट आएको छ,' कार्यालय प्रमुख नेगीले भने, 'ती सबै योजना कार्यान्वयन गर्दा बजेट पुग्दैन । एक-दुई मात्र गर्दा कुन छान्ने भनेर यकिन गर्न गाह्रो छ ।'

पूर्वाधार कार्यालयबाट सिफारिस भएको नभई मन्त्री, सांसद र पहुँचवालाको दबाबमा सरकारले त्यस्ता अधिकांश योजना बजेटमा राखेको कर्मचारी बताउँछन् । सोही प्रकृतिका योजना समस्या गत वर्ष पनि समस्या देखिएको थियो । पहिचान नभएका योजनासमेत पूर्वाधारको बजेटमा समावेश छन् । कैलालीमा मात्र पूर्वाधार विकास कार्यालयअन्तर्गत पहिचान नभएका र कार्यान्वयन सम्भव नभएका १० वटा योजनामा चार करोड बजेट छुट्याइएको छ । मन्त्रालयका प्रवक्ता श्रेष्ठले एउटै क्लस्टरमा समावेश गरिएका एक सय ३२ वटा योजनामा विनियोजित ४१ करोड ७८ लाख बजेट पूर्वाधार निर्माणकै अन्य योजनामा रकमान्तर गर्न थालिएको बताए । प्रदेशमा पूर्वाधारतर्फका अन्य योजनाको कार्यान्वयनको अवस्था पनि कमजोर छ । धेरैजसो योजना कार्यान्वयनमा नजाँदा भौतिक पूर्वाधार विकास मन्त्रालयको चैत मसान्तसम्म पुँजीगत खर्च १८.१० प्रतिशत मात्र छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चैत मसान्तसम्म प्रदेशको पुँजीगत खर्च १६.४२ प्रतिशत र चालू खर्च ३३.१८ प्रतिशत गरी कुल खर्च २३.२३ प्रतिशत मात्र छ ।


## शान्ति र सद्भाव कायम गरौं।

- शान्ति, अहिसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिंडौ,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौ,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौ.
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौ,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुन्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार